## पहिलो परिच्छेद

# शोधपरिचय

### १.१ शोधकार्यको परिचय

प्रस्तुत अनुसन्धान पारिजातका कवितामा नारीवादको विश्लेषणमा केन्द्रित छ । पारिजात (१९९४–२०५०) ले नेपाली साहित्यका कविता, आख्यान, निबन्ध र नाटक विधामा कलम चलाएकी छन् । उनी २०१३ सालमा *धरती* पत्रिकामा “आकाङ्क्षा” शीर्षकको कविता प्रकाशन गरी नेपाली साहित्यमा सार्वजनिक भएकी हुन् । उनका *आकाङ्क्षा* (२०१४), *पारिजातका कविताहरू* (२०४४) र *बैँसालु बर्तमान* (२०५०) गरी तीनवटा कविता सङ्ग्रह प्रकाशित छन् । पारिजातको काव्ययात्रा रुमानी स्वच्छन्दतावादबाट विसङ्गतिवादी अस्तित्ववादी चिन्तन हुँदै समाजवादी दर्शनतर्फ मुखरित भएको हो । उनको पहिलो कविता सङ्ग्रह *आकाङ्क्षा* मा १५वटा कविता सङ्गृहीत भएर रहेका छन् । उनको कविता लेखनको प्रथम चरणको यस कृतिका कवितामा उनले भावुकता, प्रकृतिप्रेम, काल्पनिकता, जीवनका पीडा, यौवनकालीन उतारचढाव, नैराश्यताजस्ता युवा वयका रुमानी भावलाई अभिव्यञ्जित गरेकी छन् (गिरी,२०७५,पृ.१३) । उनको दास्रो कविता सङ्ग्रह *पारिजातका कविताहरू* र तेस्रो कविता सङ्ग्रह *बैँसालु वर्तमान* मा क्रमश : ३८ र २६ वटा कविता सङ्गृहीत छन् । कविता लेखनका क्रममा पनि पारिजातको पछिल्लो चरणको मूल प्रवृत्ति भने समाजवादी यथार्थवाद नै हो । मार्क्सवादबाट प्रभावित पारिजातका पछिल्लो चरणका कवितामा पितृसत्तात्मक समाजमा नारी जातिप्रति हुने अन्याय, हिंसा, अत्याचार, शोषण, दमनका साथै पूँजीवादी समाजका आर्थिक असमानता शोषण र गरिबीका कारण थिचिएका, मिचिएका, हेपिएका निम्न वर्गका शोषण विरूद्धका विद्रोही स्वर अभिव्यञ्जित भएका छन् । वास्तवमा भन्ने हो भने कुरीति एवम् कुसंस्कारले बिगारेका समाजमा नयाँ विचार र जागरणको लहर ल्याउन यिनका कविता सहयोगी भएका छन् । पितृसत्तात्मक रूढिवादी समाजिक कुसंस्कार, सामन्ती शोषण, आडम्बर आदिको विरोध गर्दै वर्ग द्वन्द्व, लैङ्गिक उत्पीडन र आलोचनात्मक चेतलाई महत्त्व दिनु उनका २०३६ देखि २०४९ सम्मका कविताको प्रवृति हो । उनका पहिलो कविता सङ्ग्रहका कविताका तुलनामा दोस्रो र तेस्रो कविता सङ्ग्रहका कवितामा वर्गीय तथा लैङ्गिक उत्पीडन र विद्रोही स्वर प्रखर बनेर अभिव्यञ्जित भएको छ । निम्नवर्गीय मानिसका विवशता, यौनशोषण, चेलीबेटी बेचबिखन, यौनवृत्तिबाट जीविकोपार्जनजस्ता विषयलाई कविताको अन्तर्वस्तु बनाउने पारिजातले कविता मार्फत्

लैङ्गिक समता, समानता, समन्वय र सहअस्तित्वको स्वर मुखरित गरेकी छन् । उनका कवितामा  पितृसत्ताका कारण नारी पात्रहरू अधीनस्थ भएका छन् । पारिजातका कवितामा सत्ता र शक्तिको दुरूपयोगका कारण उत्पीडन भोग्न बाध्य भएको नारी समाजको दुरावस्थाको चित्रण भएको छ । यस शोधमा तिनै अधीनस्थ, अधिकारविहीन, उत्पीडित, आवाजविहीन नारी पात्रलाई किन र कसरी किनारामा पुऱ्याइएको छ भन्ने विषयलाई नारीवादी दर्शनका आधारमा विश्लेषण गरिएको छ ।

जीवनजगत्का विविध र व्यापक पक्षलाई रागात्मक तथा लयात्मक ढाँचामा प्रस्तुत हुने कवितामा आग्रह कम र सौन्दर्यानुभूति सशक्त बनेर आएको हन्छ । यस विधामा विचार तत्वको रूपमा मानवीय अनुभव तथा अनुभूतिसँग सम्बन्धित विविध पक्षहरू समेटिएका हुन्छन् । लयविधान भएको साहित्यको गद्येतर विधाका रूपमा परिचित कवितामा नारीवाद विषय, भाव, विचार,  भाषा, अनुभव, अनुभूति आदिका माध्यमबाट प्रस्तुत हुने गर्दछ । पारिजातले सिर्जना गरेका साहित्यका अन्य विधामा जस्तै कविता विधामा पनि प्रगतिवादी स्वरसँगै नारीवाद अभिव्यञ्जित भएर आएको छ । उनका *पारिजातका कविताहरू* र *बैँसालु वर्तमान*  कविता सङ्ग्रहका कवितामा नारीका विषयले महत्त्वपूर्ण स्थान पाएका छन् ।

नारीवादको अध्ययन नारीवादी समालोचनाले गर्दछ । यो समान कामका लागि समान ज्याला, महिलाको दोहोरो जिम्मेवारी, मताधिकार, कामको अवसर, नागरिकता, राजनैतिक अधिकार जस्ता अधिकारवादी विषयको उठानसँगै समानता र स्वतन्त्रताको मागसहित अमेरिका र युरोयपबाट आन्दोलनका रूपमा अगाडि बढेको हो । पछिल्लो समयमा यसले वैश्विक आन्दोलनको रूप धारण गरी कला, साहित्य, संस्कृति, दर्शन, समाजशास्त्र लगायत नारीसँग सम्बन्धित विभिन्न समस्यालाई आत्मसात् गर्दै अगाडि बढेको छ । समाजमा चिरकालदेखि प्रबल रहेको लिङ्गकेन्द्रित पितृसत्तात्मक चिन्तन तथा सामाजिक, आर्थिक राजनीतिक, सांस्कृतिकजस्ता सबै क्षेत्रमा लिङ्गका आधारमा हुने विभेदका विरुद्ध समाजका अरू मानवसरह समान अधिकारसहित बाँच्न पाउनु पर्छ भन्ने नारीपक्षीय चिन्तन नारीवाद हो । यसले नारीपुरुष बीचको सम्बन्ध, भूमिका, प्रतिनिधित्व, नारीमाथि हुने हिंसा, भेद, दमन, पहिचान, शक्तिसम्बन्ध, सबै किसिमका उत्पीडनको विश्लेषण गरी नारी अस्तित्वको खोजी गर्दछ । नारीमैत्री व्यवहारको अपेक्षा गर्ने यस वादले नारीलाई नारीकै कोणबाट विश्लेषण गर्नुपर्ने धारणा अगाडि सारेको छ । नारीवादी समालोचनाका अनेक धार, प्रकार, पद्धति, प्रवृति र मान्यताहरू रहेका छन् तापनि यस

लेखमा अन्तरअनुशासनात्मक पद्धतिका रूपमा विकसित नारीवादका पितृसत्ता, शक्तिसम्बन्ध र नारी उत्पीडनका आधारमा पारिजातका कविताको विश्लेषण गरिएको छ ।

## १.२ समस्याकथन

पारिजातका कवितामा नारविादको अध्ययन प्राज्ञिक दृष्टिले महत्त्वपूर्ण र अध्ययनीय क्षेत्र हो । पारिजातका कविता लगायत अन्य आख्यानात्मक विधाहरूको सीमान्तीय अध्ययन, वैचारिकता, भूमिका, पहिचान, प्रतिनिधित्वजस्ता सांस्कृतिक अध्ययनका विविध पक्षसँग सम्बद्ध विषयमा विमर्श भएको छ । यी अध्ययनले पारिजातका कवितामा नारीवाद अध्ययनका लागि विषयगत रिक्तता स्थापित गरेका छन् । पारिजातका कवितामा नारीवाद सम्बद्ध विषयहरू पऱ्याप्त मात्रामा प्रवृतिगत रूपमा विकसित भए पनि तिनको नारीवादका मानकका आधारमा प्राज्ञिक र शोधमूलक अध्ययन भने भएको छैन। त्यसैले यस शोधकार्यमा पारिजातका कवितामा नारीवादलाई मुख्य शोध समस्याका रूपमा लिइएको छ र यही मुख्य समस्या समाधानका लागि निम्नानुसारका शोध्य प्रश्न निर्धारण गरिएको छ :

(क) पारिजातका कवितामा पितृसत्ता के कस्तो अवस्थामा रहेको छ ?

(ख) पारिजातका कवितामा लैङ्गिक शक्तिसम्बन्ध कसरी प्रस्तुत भएको छ ?

(ग) पारिजातका कवितामा नारी उत्पीडनको कसरी प्रस्तुत भएको छ ?

## १.३ शोधको उद्देश्य

नारीवादको दार्शनिक चेतनाका आधारमा पारिजातका कविताको अध्ययन तथा विश्लेषण गर्नु प्रस्तावित शोध कार्यको प्रमुख उद्देश्य हो । यसकै केन्द्रीयतामा रही प्रस्तुत अध्ययनका अन्य उद्देश्यहरूलाई निम्नानुसार उल्लेख गरिएको छ :

क) पारिजातका कवितामा पितृसत्ताको अवस्थालाई समीक्षा गर्नु ,

ख) पारिजातका कवितामा शक्तिसम्बन्धको अवस्थाको विश्लेषण गर्नु ,

ग) पारिजातका कवितामा नारी उत्पीडनको विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

अनुसन्धानका क्रममा शोधसमस्या पहिचान गरी त्यसको सैद्धान्तिक ढाँचा तयार गर्न र शोधको चर पत्ता लगाई अध्ययनलाई व्यवस्थित तथा परिणाममुखी बनाउने सन्दर्भमा पूर्वाध्ययनको पुनरावलोकन उपयोगी हुन्छ । पारिजातका कविताको सांस्कृतिक अध्ययनका विभिन्न कोण (हिंसा, दमन, प्रतिनिधित्व, पहिचान, सीमान्तीय अध्ययन, वैचारिकता, शरीर राजनीति) बाट अध्ययन, विश्लेषण भए पनि उपर्युक्त समस्यामा केन्द्रित भई यस अघि पारिजातका कविताको अध्ययन भएको पाइँदैन । उपर्युक्त अध्ययनमा नारीवाद संबद्ध पक्षलाई आधार बनाएर छिटपुट अध्ययन गरिए पनि उपर्युक्त प्राज्ञिक जिज्ञासाको सम्यक अध्ययन भएको पाइँदैन । ती अध्ययनलाई पारिजातका कवितामा नारीवाद भनेर किटान नगरिएको भए पनि नारीवादसँग सम्बन्धित हुनाले तिनको अध्ययन र विश्लेषणलाई पूर्वकार्यका रूपमा निम्नानुसार राखिएको छ :

### १.४.१ सैद्धान्तिक पूर्वकार्यको समीक्षा

यस लघुअनुसन्धानमा उपर्युक्त विषयमा शोध गर्न प्रयोजनसंबद्ध सैद्धान्तिक पक्षका विषयमा भएका लेखसङ्ग्रह, समालोचना, पुस्तक, र लेखरचनामा प्रकाशित सैद्धान्तिक विषयलाई प्रतिनिधिमूलक ढङ्गले अध्ययन गरी समीक्षा गरिएको छ । नारीवादका विषयमा शोध गर्नका लागि आवश्यक सैद्धान्तिक पक्षसँग सम्बन्धित अङ्ग्रेजी तथा नेपाली भाषामा प्राप्त सामग्रीलाई प्रतिनिधिमूलक ढङ्गले सामान्वीकरण गरी प्रस्तुत प्रस्तावमा केही नमुनालाई निम्नानुसार समीक्षा गरिएको छ :

नारीवादी लेखनको थालनी मेरी विल्सन काफ्टले सन् १७९२ मा 'अ भेन्डिकेसन अफ द राइट्स अफ वमन' लेखेर गरेकी हुन् (त्रिपाठी, २०६८, पृ.२९) भने यसलाई विस्तार गर्ने काम भर्जिनिया उल्फ र सिमोन द बुभायरले गरेका हुन् । उल्फले 'ए रुम वन्स वान' ( १९२९) लेखी महिलाको लागि आफ्नो स्वतन्त्रतामा अगाडि बढ्न आफ्नो छुट्टै कोठा चाहिने कुरा उल्लेख गरिन् भने सन् १९३८ को 'थ्री गिनिज' लेखमा नारी अस्तित्व र स्वतन्त्रताका कुराहरू उल्लेख गरेकी छन् । त्यसैगरी अर्की नारीवादी चिन्तक सिमोन दि बुभायरले 'द सेकेण्ड सेक्स' (सन् १९४९) लेखी नारी स्वतन्त्रता र अधिकारका बारेमा आवाज उठाइन् । उनले नारीलाई दोस्रो दर्जाको व्यवहार गरिनुले नारी जन्मिन्न बरु समाज र संस्कारले दास्रो दर्जाको नागरिक बनाउँछ भन्ने अवधारणा प्रस्तुत गरिन् । सन् १९६३ को बेट्टी फ्रिडानको

*फेमिनिन मिस्टेक,* केट मिलेटको *सेक्सुअल पोलिटिक्स* (सन् १९७०) एलेन सोबाल्टरको *लिटरेचर अफ दिअर अन ब्रिटिस वुमेन नोवलिस्टस फ्रम ब्रोंते टु लेसिङ्ग* (१९७७) जस्ता कृतिहरूले नारीवादलाई विकसित विस्तारित गरे । उपर्युक्त नारीवादी चिन्तकका नारीवादसँग सम्बन्धित चिन्तनहरू नारीवादका विविध पक्षसँग सम्बन्धित हुनाले सिद्धान्त निर्माण र पाठविश्लेषणमा मार्गनिर्देश गर्नेछन् ।

जुडिथ बटलर (१९९०) ले *जेन्डर ट्रबल फेमिनिजम एन्ड द सबभर्जन अफ आइडेन्टिटी* पुस्तकमा पितृसत्ता, शक्तिसम्बन्ध र नारी उत्पीडनका विषयमा समीक्षा गरेकी छन् । उनले यौनिकता र लैङ्गिकता चर्चा गर्ने क्रममा  महिलाहरू नारीवादका विषय बन्नुको कारण उल्लेख गरेकी छन् । यसका साथै यौन, सत्ता र शक्ति जस्ता विषयमा विमर्श गर्दै उनले पश्चिममा पितृसत्ताले नारीको शरीरलाई कसरी राजनीतिकरण गरेको छ भन्ने बारेमा स्पष्ट धारणा राखेकी छन् । उनले नारी उत्पीडनको कारकका रूपमा पितृसत्तालाई उल्लेख गरेकी छन् । बटलरको शक्तिसम्बन्ध, पितृसत्ता र उत्पीडनजस्ता चिन्तनका आधारमा नारीवादको विवेचना गरिएको अध्ययनले यस लघुअनुसन्धानमा सिद्धान्त निर्माणमा सहयोग पुऱ्याउनेछ । अध्ययनमा नारीवाद र लैङ्गिक अध्ययनको सम्बन्धलाई स्पष्ट पार्दै पितृसत्तात्मक समाज व्यवस्थामा पुरुषकेन्द्रित शक्तिसम्बन्धका कारण किनारामा रहेका नारीलाई पर्ने प्रभावका आधारमा नारी उत्पीडनको विमर्श गरिएको हुनाले यो सिद्धान्त निर्माणमा सहयोग सामग्रीका रूपमा रहनेछ ।

पिल्चर, जाने एन्ड इमेल्डा बेलेहान (२००४) ले *फिफ्टी कि कन्सेप्ट अफ जेन्डर स्टडिज* पुस्तकमा लैङ्गिक अध्ययनको सन्दर्भलाई स्पष्ट पार्ने क्रममा पितृसत्ता, शक्तिसम्बन्ध र नारी उत्पीडनसँग सम्बन्धित अवधारणाको विवेचना गरेका छन् । यस अध्ययनमा काला नारीवादी चिन्तक बेल हुक्स लगायत सेगेल, इभान्स र नायोमी उल्फका नारीवादी चिन्तनलाई पुँजीवादी पितृसत्तात्मक समाजमा विद्यमान शक्तिसम्बन्धसँग समन्वय गरी विवेचना गरेका छन् । बेल हुक्सजस्ता नारीवादीहरूले सिस्टरहुडमा जोड दिने पुँजीवादी समाज व्यवस्थाका कारण गोरा महिलाहरूको पहिचान र प्रतिनिधत्वका तुलनामा काला नारीको पहिचान र प्रतिनिधित्व कम भएकाले पहिचानको राजनीतिको आवश्यकतालाई जोड दिंदा नारीवादी चिन्तनको वैश्विक ऐक्यबद्धतामा विरोधाभास देखिएको उल्लेख गरेकी छन् । उनीहरूले शक्ति केन्द्रमा रहेका गोरा नारीहरूका तुलनामा काला नारीहरूले बढी उत्पीडन भोग्नु परेको उल्लेख गरेका छन् । त्यसैगरी अध्ययनमा नारी उत्पीडन विषयमा कोनेल, मिसेल फुको र नायोमी उल्फका विचारले सकारात्मक प्रस्ताव अगाडि सारेको भाव मुखरित

भएको छ । उनीहरूले पितृसत्ताको वैचारिक निरन्तरताका कारण विवाह, सन्तान उत्पादन जस्ता कार्यले नारी उत्पीडन बढ्दै गएको उल्लेख गरेका छन् । अध्ययनमा नायोमी उल्फ, सुलामिथ फायर स्टोनजस्ता नारीवादीहरूमा प्रतिरोधी चेतना सशक्त रहेको उल्लेख छ । यस लघुअनुसन्धानमा लैङ्गिकताका बहुआयामिक पक्षको विमर्शका क्रममा आएका पितृसत्ता, शक्तिसम्बन्ध र नारी उत्पीडनसँग सम्बन्धित यी चिन्तनले सिद्धान्त निर्माण गर्न र त्यसका आधारमा पाठ विश्लेषण गर्न उपयोगी हुनेछन् । यसका साथै नारीवादको सैद्धान्तिक आधार तयार पार्ने क्रममा नेपाली समालोचक कृष्ण गौतम, सुधा त्रिपाठी, रमेश भट्टराई, ज्ञानु पाण्डे, ज्ञानु अधिकारी, ताराकान्त पाण्डे, रजनी ढकाल, अम्बिका अर्याल, साधना प्रतीक्षा अर्चना थापालगायतका नारीवादसम्बन्धी लेखरचनालाई पनि आधार मानिने छ ।

### १.४.२ प्रायोगिक पूर्वकार्यको समीक्षा

पारिजातका तीनवटा कविता सङ्ग्रहमा सङ्कलित कवितामध्ये दोस्रो र तेस्रो कविता सङ्ग्रहमा सङ्कलित कविता नारीवादसँग सम्बन्धित विषयमा शोध गर्न प्रयोजनसम्बद्ध छन् । प्रायोगिक पक्षसँग सम्बन्धित विषयमा एकाध कवितामा नारीवाद, नारीवादी चेतना, लैङ्गिक पहिचान, सीमान्तीय अध्ययन, विद्रोह, सांस्कृतिक अध्ययन, वैचारिकता, लैङ्गिक प्रतिनिधित्व, लैङ्गिक उत्पीडन, शीर्षकमा केन्द्रित भई अध्ययन, विश्लेषण भए पनि उपर्युक्त समस्यामा उल्लेख भएका प्राज्ञिक जिज्ञासामा केन्द्रित भई यस अघि सम्यक अध्ययन भएको पाइँदैन । उपर्युक्त लेख, अध्ययन तथा समीक्षा प्रत्यक्ष रूपमा नारीवादी अध्ययनका रूपमा किटान गरेर प्रकाशित नभए तापनि ती अध्ययनमा पितृसत्ता तथा यौनिक चिन्तन र चेतना अन्तर्निहित भएर आएकाले ती अध्ययनलाई प्रायोगिक पूर्वकार्यको अध्ययनका रूपमा समीक्षा गरी प्राप्त सामग्रीलाई प्रतिनिधिमूलक ढङ्गले कालक्रमिक आधारमा प्रस्तुत गरी अध्ययनको रिक्ततालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

सुधा त्रिपाठी (२०७०) ले “नारीवादी चेतनाको संवाहकका रूपमा मानुषी कविता” लेखमा मानुषी कवितालाई नारी लेखकद्वारा लिखित नारी मुक्तिको कामना गरिएको कविताका रूपमा विवेचना गरेकी छन् । उनले यस कवितामा नर र नारी एकअर्काबिना बाँच्न नसक्ने प्राणीका रूपमा रहेको भाव अभिव्यञ्जित गरेकी छन् । उदारवादी नारीवादको दार्शनिक आधारमा भावाभिव्यञ्जित यस पितृसत्तात्मक समाजमा केन्द्रमा रहेको पुरुषले संस्कार र स्वतन्त्रताका नाममा नारीलाई अधीनस्थ तुल्याई यौन लगायत सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक क्षेत्रमा समेत शोषण गरेको र नारीलाई समाज, संस्कार र धर्मले बाँधिदिएको, सतीत्वको बन्धनले उत्पीडनमा पारेको यथार्थलाई मानुषी कवितामा

विषयवस्तुका रूपमा प्रस्तुत गरेकी छन् । उनले यस कविताका माध्यमबाट समाजमा व्याप्त आदिमकालदेखि वर्तमान समयसम्मको अन्याय, अत्याचार, दमन, शोषण, उत्पीडन, कुरीति, अन्धविश्वासलाई सहनशीलताको लेपनले टालटुल पार्ने परम्पराका विरुद्धमा उग्रता, स्वाभिमान, विद्रोह स्वतन्त्रता र स्वअस्तित्वलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रकट गरेकी छन् । पश्चिमबाट विकसित नारीवादका प्रकार र त्यसको दर्शनलाई समेत विश्लेषण गरिएको यस लेखमा पितृसत्ताको प्रभाव, शक्तिसम्बन्ध र नारी उत्पीडनका सम्बन्धमा आवाजसमेत उठाएकी छन् । कवितालाई मार्क्सवादी दर्शनका आधारमा समेत विश्लेषण गरिएको यस लेखले नारीवाद प्रवृतिका रूपमा विकसित भएको विषयलाई पुष्टि गर्दै नारी लिखित साहित्यमा नारीवाद सशक्त रूपमा अभिव्यञ्जित भएकाले यो कविता नारीवादी दर्शनका आधारमा अध्ययनीय विषयका रूपमा स्थापित भएको छ । यसका साथै यस अध्ययनले पारिजातको 'मानुषी' लगायतका अन्य कविता पनि नारीवादका आधारमा विश्लेषण गर्न सकिने सङ्केत गरेको छ । यसका साथै पितृसत्ताका कारण सामाजिक, सांस्कृतिक, यौनिक, जैविक उत्पीडनलाई विश्लेषण गरिएको यस लेखले पारिजातका कवितालाई नारीवादका आधारमा  विश्लेषण गर्ने आधार प्रदान गर्दै अध्ययनको रिक्ततालाई पुष्टि गरेको छ ।

आनन्ददेव भट्ट (२०७५) ले "बैंसालु वर्तमान पारिजातको काव्यात्मक जवाफ" विषयक अध्ययनमा पारिजातको काव्ययात्राको समीक्षा गर्दै पारिजातका २०३६ देखि २०४९ सम्मका कवितामा क्रान्ति, विद्रोह, नवीनताको खोज, नारी वर्गमाथिको अन्याय, अत्याचार, थिचोमिचो, उत्पीडन आदिको विश्लेषण गरेका छन् । अध्ययनमा पारिजातलाई अस्तित्ववादी श्रष्टाका रूपमा पहिचान दिलाउँदै लैङ्गिक भेद, उत्पीडन, पहिचान, प्रतिनिधित्व, लेखकीय विचारधाराका साथै नारीले पुरुषलाई र पुरुषले नारीलाई हेर्ने दृष्टिकोणका आधारमा नारी समस्यामा केन्द्रित कविता रचनागर्ने नारीवादी कविका रूपमा स्थापित गरेका छन् । अध्ययनमा उनको यस कृतिमा सङ्कलित बलात्कृतको बयान, जुठी दमिनीको अभिव्यक्तिजस्ता कवितामा पितृसत्तात्मक सामन्तवादी परम्पराले सामाजिक, सांस्कृतिक उत्पीडनका साथै मातृत्व र यौनिक अधिकारमा समेत नियन्त्रण गरी लैङ्गिक उत्पीडन सिर्जना गरेको दृष्टिकोण प्रस्तुत गरेका छन्। उनले यस सङ्ग्रहका हरेक कवितामा पारिजातको प्रबल अनुभूति पोखिएको विषयलाई केन्द्रीकृत गर्दै परम्परामा लामो समयसम्म सामन्तवादी पितृसत्तात्मक संस्कृति र विचारधारा प्रतिबिम्बत हुँदा लैङ्गिक उत्पीडन अभ्यन्तरित हुँदा नारी उत्पीडन र समस्यालाई नियति र भाग्यको सङ्ज्ञा दिने तथा नारी भूमिकालाई आदर्शीकरण गरी महिमा मण्डनका नाममा दमन गर्ने प्रवृति स्थापित रहेको उल्लेख गरेका छन् । भट्टको यस अध्ययनमा नारीपुरुष सहअस्तित्व र नारीकेन्द्री

प्रतिनिधित्वको विधान नेपाली कवितामा भित्र्याउने काम पारिजातबाट भएको नारीपक्षीय विचारधारा उल्लेख हुनु अध्ययनको प्राप्ति हो । भट्टको यो अध्ययन लैङ्गिक उत्पीडनको आधार निर्माण गर्न र सर्वेक्षणका क्रममा कविता चयन र विश्लेषणका गर्न सहयोग सामग्रीका रूपमा रहनेछ । पितृसत्तात्मक समाज व्यवस्थाका सापेक्षता आधारमा असन्तुलित शक्तिसम्बन्ध रहनाले लैङ्गिक उत्पीडन बढेको उल्लेख गरिएको यस लेखले अध्ययनको रिक्ततालाई स्थापित गरेको छ ।

पुरुषोत्तम सुवेदी (२०७५) ले 'पारिजातका कविता' विषयक अध्ययनमा पारिजातको साहित्यिक यात्रा कविता लेखनबाट भएको उल्लेख गर्दै पारिजात पूर्वार्द्ध चरणका कवितामा विसङ्तिवाद, अस्तित्ववाद, हुँदै शून्यवादमा रूपान्तरित भएको उल्लेख गरेका छन् । उनले यस लेखमा पारिजातको गद्य लेखनको तुलनामा पद्य लेखनको विमर्श कम भएको उल्लेख गर्दै त्यसमा पनि उनको उत्तरार्द्धका कवितामा नारीका वैयक्तिक अनुभूति, पीडा, कुण्ठा र भोगाइको प्रस्तुतिले उत्पीडनको विषय मुखर रहेको दृष्टिकोण प्रस्तुत गरेकी छन् । लैङ्गिक समता र समानताको भाव मुखरित गरिएको यस अध्ययनमा पितृसत्तात्मक एकाधिकार र परम्परित लैङ्गिक निर्मिति र शक्तिसम्बन्धको विरोध गर्दै नारी अस्तित्वको खोजी गर्ने काम पारिजातका कवितामा भएकाले सतीत्व, सन्तान उत्पादन, यौनिकता, मातृत्व चेतना, विवाहजस्ता बिषयमा नवीन अवधारणा स्थापित भएको उल्लेख गरेका छन् । यस अध्ययनमा पारिजातले लेखेका विविध समस्यामा आधारित कविताको अध्ययन गरिएको हुनाले नारीवादका मानकका आधारमा  पारिजातका कविताको सूक्ष्म अध्ययन भएको छैन । यस अध्ययनले पारिजातका कविता नारीवादका दृष्टिले अध्ययनीय रहेको पुष्टि गरेको छ । यस अध्ययनले पारिजातका कवितामा नारीवाद रिक्त रहेको पुष्टि गरेको छ ।

नारायणप्रसाद गड्तौला (सन् २०१९) ले *नेपाली कवितामा नारीचेतना* विषयक अध्ययनमा वि. सं २०४६ को सेरोफेरोका नेपाली नारी कविका कवितामा विद्रोहको भावना अभिव्यञ्जित भएको दृष्टिकोण प्रस्तुत गरेका छन् । यस अवधिमा पारिजातजस्ता नारी कविले नारीका सीमित सामाजिक भूमिकामा फराकिलो क्षितिज खोजेको विषय उठान गरेका छन् । उनले  'मानुषी' कविताको विश्लेषणका आधारमा समयको परिवर्तनसँगै विद्रोही नारी चेतनाका नयाँ बान्की र स्वर व्यक्त गर्ने कविका रूपमा पारिजातको पहिचान खडा गरेका छन् । अध्ययनका क्रममा पारिजातको यस कवितालाई नेपाली समाजमा नारीको अवस्थाप्रति प्रश्न खडा गरी नारीपुरुष समता र समानताको भाव व्यक्त भएको यस लेखमा पितृसत्ताका कारण नारी विभेदित व्यवहारका कारण स्त्रीलाई पछाडि पारिएको, पशुसरह बेचिइनु परेको,

सामूहिक बलत्कारको सिकार हुन परेको, सती जान परेको र दाइजोको लावालस्करसँगै बस्तुसरह भित्रिनु परेको यथार्थलाई नारीवादी चेतनाका आधारमा विश्लेषण गरेका छन् । नारी पछि पर्नुका कारण खोजी गरिएको यस लेखमा पितृसत्ताले सिर्जना गरेको लैङ्गिक उत्पीडनका विरुद्ध प्रतिरोधी चेतना प्रस्तुत गर्ने सशक्त नारी चरित्रको प्रतिनिधित्व र पहिचान भएको कविताका रूपमा विश्लेषण गरेका छन्। गड्तौलाको यस अध्ययनले नेपाली समाजमा विद्यमान पितृसत्ता र यसको प्रभुत्वका कारण नेपाली कवितामा पितृसत्ता, नारी उत्पीडन सम्बन्धी समस्या प्रबल रहेको पक्षलाई पुष्टि गर्दै यो बिषय अध्ययनीय क्षेत्र रहेको विषयलाई प्रस्तुत गरेका छन्। यस अध्ययनका आधारमा पारिजातका कवितामा नारीवादको बिषय रिक्त रहेको पुष्टि गर्न सकिन्छ ।

रेखा कौसल रेग्मी (२०८०) ले 'नेपाली नारी कविका कवितामा नारीवाद' शीर्षकको अध्ययनमा पारिजातका 'मानुषी' जस्ता कवितामा पितृसत्तात्मक निर्मितिका कारण नारीहरूको प्रतिनिधित्व र पहिचानमा समस्या आएको विषय उठान गरेकी छन् । अध्ययनमा उनले समकालीन नेपाली समाजमा नारीले भोग्नु परेका उत्पीडन र प्रतिरोधसँग सम्बन्धित धारणा पनि प्रस्तुत गरेकी छन् । अध्ययनमा पारिजातका कवितामा नारीचेतना, यौनशोषण र महिला हिंसाको विरोधसम्बन्धी नारीचेतना, नारीको वैयक्तिक अधिकार र स्वतन्त्र निर्णयसम्बन्धी नारीचेतना, समान सहभागितासम्बन्धी नारीचेतना, वर्गीय विभेदको विरोधसम्बन्धी नारी चेतनालाई विश्लेषण गरेकी छन् । लैङ्गिक सहअस्तित्वको भाव मुखर गरिएको यस अध्ययनले पारिजातका कवितामा धर्म, संस्कृति र सामाजिक मूल्यमान्यताका कारण नारीहरू उत्पीडनमा परेको विषय मुखरित रहेको अवधारणा प्रस्तुत गरेकी छन् । नारीहरू पुरुषका उपभोग्य साधन हुन् भन्ने विचारधारा अभिव्यञ्जित यस अध्ययनले उत्पीडनका कोणबाट पारिजातका कविताको अध्ययन गर्न सकिने विषयलाई स्थापित गरेको छ। उदारवादी नारीवादका आधारमा विश्लेषण गरिएको यस अध्ययनका आधारमा अध्ययनका लागि रिक्तता देखिएको छ ।

## १.५ शोधकार्यको औचित्य

पारिजातका कवितामा नारीवाद आफैमा गहन अनुसन्धेय विषय हो । पारिजातका कवितामा नारीवादमा केन्द्रित भई अध्ययन र विश्लेषण गर्नु यस शोधको प्रमुख उद्देश्य रहनेछ । प्रस्तावित शोधकार्यमा पारिजातका कवितामा नारीवादमा आधारित भई विश्लेषण गरिने हुनाले यो शोधकार्य अनुसन्धानका दृष्टिले औचित्यपूर्ण रहेको छ। पारिजातका

कवितामा नारीवाद शोधक्षेत्रमा नवीनतम अध्ययन हो। पारिजातका कवितामा नारीपक्षीय भाव अभिव्यञ्जित भएपनि नारीवादको दर्शनलाई आधार मानेर उनका एकाध कविताको विश्लेषण भएपनि पारिजातका सबै कविताको सर्वेक्षण गरी नारीवादका आधारमा अध्ययन हुन नसकेको सन्दर्भमा प्रस्तावित शोध कार्यमा ती विषयको अध्ययन आवश्यक देखिएको छ। पारिजातका कवितामा नारीवाद संवद्ध अध्ययनले यही आवश्यकतालाई पूरा गर्ने हुँदा प्रस्तुत शोधकार्य औचित्यपूर्ण छ।

## १.६ शोधको सीमाङ्कन

नारीवाद अन्तरअनुशासनात्मक विषय हो। त्यसैले यो व्यापक क्षेत्र र विषयमा विस्तारित छ तापनि सैद्धान्तिक दृष्टिले यस अनुसन्धानमा पितृसत्ता, शक्तिसम्बन्ध र नारी उत्पीडनको अध्ययन र विश्लेषण गरिएको छ। पारिजातका तीनवटा कवितासङ्ग्रहमा सङ्गृहीत कविताको सर्वेक्षण गरी नारीवाद सशक्त, सघन र सबल रहेका कवितालाई पितृसत्ता, शक्तिसम्बन्ध र नारी उत्पीडनका आधारमा अध्ययन तथा विश्लेषण गर्नु प्रस्तुत शोधको क्षेत्र हो। यसका लागि पारिजातका तीनवटै कविता सङ्ग्रहमा प्रकाशित कविताको सर्वेक्षण गरी सङ्गृहीत कवितामध्ये नारीवाद प्रबल रहेका र नारीवादका दृष्टिले सशक्त, उर्वर र उपयुक्त कवितामध्ये अठारवटा कवितालाई पाठविश्लेषणमा आधारित गुणात्मक पद्धतिका आधारमा विश्लेषण गरिएको छ।

## १.७ शोधविधि

प्रस्तुत शोध कार्य सम्पन्न गर्नका लागि अपनाइने सामग्री सङ्कलन, तिनको सम्पादन र व्यवस्थापनका लागि अङ्गालिने विधि, छनौट गरिने सामग्रीको विश्लेषणको सैद्धान्तिक आधार एवं अर्थापनको ढाँचाको व्याख्या निम्नानुसार गरिएको छ :

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत अनुसन्धानको क्षेत्र पारिजातका तीनवटा कवितासङ्ग्रहमा सङ्गृहीत कविता रहनेछन्। प्रस्तुत शोधको शोध्य समस्यासित सम्बन्धित सामग्रीहरूको सङ्कलन मूलत : पुस्तकालयीय स्रोतबाट गरिएको छ। यस अन्तर्गत प्राथमिक तथा द्वितीयक प्रकृतिका सामग्रीहरूको सङ्कलन गरिएको छ। प्रस्तुत शोधमा आधारभूत सामग्रीको रूपमा

पारिजातका आकाङ्क्षा, पारिजातका कविताहरू, बैंशालु वर्तमान कविता सङ्ग्रहमा सङ्गृहीत कथामध्ये अध्ययनको उद्देश्यानुसार नमुना छनौट गरिएका कविताहरू रहेका छन् भने सहायक सामग्रीका रूपमा नारीवादसम्बद्ध मान्यता, पूर्वकार्यका समीक्षा र सामग्री विश्लेषणका लागि आवश्यक सैद्धान्तिक सामग्रीहरू तथा पुस्तक, विश्वकोश, समालोचनात्मक लेखहरूलाई आधार मानिने छ र तिनलाई अर्थापनको ढाँचा निर्माणमा उपयोग गरिएको छ । अर्थापनको ढाँचा निर्धारणका लागि विभिन्न लेखक तथा अध्येताहरूद्वारा गरिएका पूर्व कार्यहरूलाई उपयोग गरिएको छ ।

### १.७.२ विश्लेषण विधि

प्रस्तुत शोधको दार्शनिक आधारका रूपमा नारीवाद रहेको छ । यसमा पारिजातका कवितामा नारीवाद छ भन्ने विषय प्रमेय (तत्त्वमीमांसा) का रूपमा रहेको छ । यसलाई नारीवादसम्बद्ध मानकका रूपमा चयन गरिएका पितृसत्ता, शक्तिसम्बन्ध र नारी उत्पीडनलाई कवितासँग संयोजन गरी पाठको विश्लेषण गरिएको छ । यसका लागि सिमोन बुभायर, केट मिलेट, जुलिया क्रिस्तेभा, बेट्टी फ्रिडान, बेल हुक्स, कमला भासिनका नारीवाद र जुडिथ बटलर, पिल्चर जाने, मिचेल फुको लगायतका यौनिकता, उत्पीडन र शक्तिसम्बन्धसम्बन्धी सिद्धान्तलाई आधार मानी विश्लेषण गरिएको छ । त्यसैगरी नेपाली लेखकहरूमा कृष्ण गौतम, रमेश भट्टराई, सञ्जीव उप्रेती, सुधा त्रिपाठी, ज्ञानु पाण्डे, अम्बिका अर्याल, ज्ञानु अधिकारी अमर गिरी, लगायतका नारीवादसंबद्ध अनुसन्धानात्मक लेखरचना, अभिव्यक्ति आदिलाई कृति विश्लेषणको आधार मानिएको छ ।

यस शोधमा नारीवादसम्बद्ध मानक (पितृसत्ता, लैङ्गिक शक्तिसम्बन्ध र नारी उत्पीडन) का आधारमा विषयवस्तुको विश्लेषणमा आधारित गुणात्मक पद्धतिका आधारमा पारिजातका कवितामा नारीवाद छ भन्ने तथ्य (प्रमेय) लाई सिद्ध गरिएको छ । प्रस्तत् शोध व्याख्या तथा विश्लेषणवादी दर्शनमा आधारित हुनाले मूल्य सापेक्ष छ यसका साथै अध्ययनले नारीपक्षीय प्रविषयपरक बोधात्मक ज्ञानको निर्माण गरेको छ । यस अनुसन्धानमा नारीवाद प्रबल रहेको तथ्यलाई पाठ विश्लेषणमा आधारित गुणात्मक विधिका माध्यमबाट पुष्टि गरिएको छ । अध्ययनमा अनुसन्धानको मूल्यसापेक्ष बुहलवादी निष्कर्षलाई शोधका माध्यमबाट प्राप्त गरिएको छ । यसबाहेक कविता विधासँग सम्बद्ध भएर आउने नारीसौन्दर्य

र भाव सौन्दर्यको समेत विधा तात्त्विक आधारमा विश्लेषण गरिएको छ । उक्त मूल्य पारिजातका कविताको भावसौन्दर्य र कलासौन्दर्यसँग सम्बन्धित भएर आउनेछ ।

### १.७.३ सामग्री विश्लेषणको सैद्धान्तिक आधार

नारीवाद नारीपक्षीय विचार,दर्शन र राजनितिका रूपमा परिचित छ। यो पितृसत्ताका विरुद्ध विकसित बहुअनुशासनात्मक पद्धति भएपनि यस अध्ययनमा नारीवादको सैद्धान्तिक आधारका रूपमा पितृसत्ता, शक्तिसम्बन्ध र नारी उत्पीडनसम्बन्धी मान्यतालाई कविता विश्लेषणका मानकका रूपमा विमर्श गरिएको छ ।

### १.७.४ अर्थापनको ढाँचा र विधि

प्रस्तुत शोध कार्य सम्पन्न गर्नाका लागि तीनवटा मुख्य शोध्य प्रश्नहरूको निर्माण गरिएको छ। यस शोध कार्यलाई पूर्णता प्रदान गर्नका लागि नारीवादको सिद्धान्तलाई दार्शनिक आधारका रूपमा उपयोगमा ल्याइएको छ। प्रस्तुत शोधमा पारिजातका कवितामा नारीवाद छ भन्ने विषय (प्रमेय) लाई पूर्णत : पाठ विश्लेषणमा आधारित गुणात्मक पद्धतिका आधारमा सिद्ध गरिएको छ। पारिजातका कवितामा नारीवाद खोजी गरिने यस शोधमा पारिजातका तीनवटा कविता सङ्ग्रहका रूपमा प्रकाशित कृतिबाट नमुना छनोट गरिएका कवितालाई पितृसत्ता, शक्तिसम्बन्ध र नारी उत्पीडनका आधारमा विश्लेषण गरिएको छ। प्रस्तुत अध्ययनसँग सम्बन्धित शोध्य प्रश्न र तिनको वस्तुपरक ढङ्गले समाधान गर्नका लागि अर्थापनको ढाँचाको निर्धारण निम्नानुसार गरिएको छ :

| शोध्यप्रश्न | अर्थापनको ढाँचा |
|---|---|
| पारिजातका कवितामा नारीवाद | क)पारिजातका कवितामा पितृसत्ता<br>ख) पारिजातका कवितामा शक्तिसम्बन्ध<br>ग) पारिजातका कवितामा नारी उत्पीडन |

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधको सङ्गठनात्मक स्वरूपलाई आवश्यकता अनुसार विभिन्न शीर्षक र उपशीर्षकमा विभाजन गरी तयार गरिएको छ। मूलभूत रूपमा यस शोधको संरचना यस प्रकारको रहेको छ ।

पहिलो परिच्छेद : विषयपरिचय

दोस्रो परिच्छेद : पारिजातका कवितामा पितृसत्ता

तेस्रो परिच्छेद : पारिजातका कवितामा शक्तिसम्बन्ध

चोथो परिच्छेद : पारिजातका कवितामा नारी उत्पीडन

पाँचौ परिच्छेद : सारांश र निष्कर्ष

## दोस्रो परिच्छेद

# पारिजातका कवितामा पितृसत्ता

### २.१ विषयप्रवेश

सांस्कृतिक निर्मितिका रूपमा पुरुषलाई शक्तिशाली समूहको भूमिकामा स्थापित गरी नारीमाथि दमन, शोषण र विभेदकारी संस्कृतिमाथि प्रतिरोधपूर्ण अभिव्यक्ति पाइने पारिजातका कवितामा पितृसत्ताको प्रभावकारी प्रस्तुति भएको हेको छ । प्रस्तुत लेखको शोधक्षेत्र पारिजातका कवितामा नारीवादको विश्लेषण हो । यस लेखको पूर्णताका लागि पारिजातका तीनवटै कविता सङ्ग्रहमा सङ्गृहीत कविताहरूलाई नारीवादका उपर्युक्त मानकका आधारमा सर्वेक्षण गरी नारीवाद सशक्त बनेर आएका कविताको विश्लेषण गरिएको छ । यस अध्ययनको पूर्णताका लागि पारिजातका तीनवटै कविता सङ्ग्रहमध्ये ‘आकाङ्क्षा’ कविता सङ्ग्रहबाट तिम्रो सपना, स्मृतिपत्र, आधार, गीत, व्यर्थ प्रयास, सिन्दूरको आकाङ्क्षा, निर्मम, कविताहरू सर्वेक्षणमा परेका छन् भने ‘पारिजातका कविताहरू’ कविता संङ्ग्रहबाट तँलाई आशीष, लाहुरेलाई एक रोगी प्रेमिकाको पत्र, मृत्युका अङ्गालामा, मेरो विश्वास, मेरो अभिव्यक्ति र मेरो प्राप्ति, नसोध यो घाउ, अभावग्रस्त चौतारी ,उपाय हीन साँझ कविता सर्वेक्षणमा परेका छन् । ‘बैंषालु वर्तमान’ कविता सङ्ग्रहबाट सर्वेक्षणमा मानुषी, म सडक बोल्दै छु ,प्रेम कथा ,वैशालु वर्तमान ,एउटी स्वास्नी मान्छेको अन्तरवार्ता, मनको आकाश र घाइते कल्पना, बलात्कृतको बयान,जुठी दमिनीको अभिव्यक्ति, गढतीरको ढुंगामा आमाको सम्झना,आमा, रातो गुलाफ सर्वेक्षणमा चयन भएका छन् । यीबाहेक अन्य कविताहरू अध्ययनको आफ्नै सीमाका कारण चयनमा पर्न नसक्नु यस लेखको सीमा बनेको छ । विश्लेषणका लागि चयन भएका उपर्युक्त कवितामा अन्तर्निहित अन्तर्वस्तु नारीवादका सैद्धान्तिक पर्याधारका आधारमा विशलेषणीय रहेका छन् । यी कविताहरूमध्ये त्यो विरही रागमा, व्यर्थ प्रयास, तिम्रो सपना ,आधार, मानुषी, गढतीरको ढुंगामा आमाको सम्झना, सिन्दुरको आकाङ्क्षाजस्ता कविताहरूमा पुरुष प्रभुत्वका कारण परम्परित पितृसत्तात्मक समाज व्यवस्थामा नारीहरू उत्पीडनमा परेको विषयलाई उठान गरिएको छ । उनका तँलाई आशिष, लाउरेलाई एक रोगी प्रेमिकाको पत्र, मृत्युका अङ्गालामा, मेरो विश्वास, मेरो अभिव्यक्ति र मेरो प्राप्ति, नसोध यो घाउ, रात र प्रेमको थकान एउटा जीवनमा, मानुषी, प्रेम कथाजस्ता कवितामा लैंङ्गिक भेदका कारण नारी पछाडि परेको परम्परित

पितृसत्तात्मक सत्ता सन्तुलनका कारण नारीको क्रियाशीलता उदार र उदात्त चरित्रले हस्तान्तरण गरेको सत्तालाई दुरूपयोग गरी नारीमाथि प्रभुत्व र वर्चस्व कायम गर्ने पितृसत्ताको बदनियतपूर्ण संस्कृतीकरणको अभ्यासप्रति आक्रोशपूर्ण अभिव्यक्ति प्रस्तुत भएको छ । त्यसैगरी प्रेमकथा ,एउटा स्वास्नीमान्छेको अन्तरवार्ता ,मनको आकाश र घाइते कल्पना, बलात्कृतको बयान, म तेरो द्वारसम्म आउन सकिन, जुठी दमिनीको अभिव्यक्ति, गढतिरको ढुङ्गामा आमाको सम्झना, आमाजस्ता कवितामा पितृसत्तात्मक शासन व्यवस्थामा पुरुषको एकाधिकार र सर्वसत्तावादी नियन्त्रणका कारण असन्तुलित शक्तिसम्बन्धको स्थापना भएको र पुरुष वर्चस्वका कारण नारी उत्पीडनमा परेको यथार्थ अभिव्यञ्जित भएको छ । त्यसैगरी यी कवितामा नारीलाई असहाय र निरूपाय ठान्ने पितृसत्तात्मक शासन व्यवस्था, असन्तुलित शक्तिसम्बन्ध र नारी उत्पीडनका विरूद्ध नारी अस्तित्व र प्रतिरोधी चिन्तनको खोजी गरिएको छ । नारीपक्षीय भाव अभिव्यञ्जित यी कवितामा नारीलाई पुरुष सरहको भूमिका दिनुपर्ने आवाजका साथै लैङ्गिक न्यायका लागि कानुनी व्यवस्था, सामाजिक संरचना, यसको विचारधारात्मक परिवर्तन अपरिहार्य रहेको उल्लेख भएको छ । यसर्थ पारिजातका कविता नारीवादका कोणबाट अध्ययनीय शोधक्षेत्र रहेको स्पष्ट भएको छ भने पारिजातका कवितामा नारीवादको विषयलाई पितृसत्ता, सत्तासम्बन्ध र नारी उत्पीडनका कोणबाट अलग अलग उपशीर्षकमा विवेचना गरिएको छ ।

## २.२ पितृसत्ताको सैद्धान्तिक आधार

पितृसत्ता सामाजिक, सांस्कृतिक तथा उत्पादन पद्धतिमा पुरुषकेन्द्रको स्थापना गरी निर्माण गरिएको भाष्य हो । पितृसत्तामा नारीका कार्य तथा सामाजिक भूमिका पुरुषमै अन्तनिर्भर रहने भाष्यको निर्माण गरी पुरुषइतरको लैङ्गिक निर्मितिलाई अपरिचयीकरण र पहिचानविहीन तुल्याउने संस्कृतिको निर्माण भएको छ । सामाजिक निर्मितिमा हरेक दृविष्कोणले नारी र पुरुषको समान सङ्ख्यात्मक उपस्थिति रहे पनि नारीलाई कमजोर तथा नारीका कार्यलाई उत्पादन पद्धतिसँग अन्वय नगर्ने विभेदकारी भाष्यको निर्माणले पितृसत्तालाई शक्तिशाली तुल्याएको छ । पुरुषलाई केन्द्रमा राखेर गरिने विमर्श हो । जैविक निर्मितिलाई संस्कृतीकरण गरी नारीलाई समान अवसरबाट बञ्चित गरी अपरिचयीकरणको अवस्थामा पुऱ्याउने विभेदकारी ज्ञान र संस्कृति नै पितृसत्ताको अन्तर्वस्तु हो । पुरुष अधिपतिका रूपमा र महिला उत्पीडितका रूपमा परिचित गर्ने पुरुषकेन्द्री संस्था नै पितृसत्ता

हो (अर्याल, अम्बिका, पृ.२७७) । पितृसत्तामा कार्यभूमिकाका साथै सामाजिक व्यक्तित्वका दृष्टिले कमजोर पुरुषलाई पनि शक्तिशाली समूहका रूपमा महिमामण्डित गरी त्यसको नियन्त्रणमा नारीभूमिकाको निर्धारण हुने संस्कृति स्थापित रहेको छ । पितृसत्तामा परिवारका सम्पूर्ण सदस्यहरू पिता वा कुनै पुरुषको अधीनमा रहने व्यवस्था रहेको हुन्छ । पितृसत्ता समाज व्यवस्थाको एउटा त्यस्तो ढाँचा हो जसमा सम्पूर्ण सदस्यहरू पिता वा कुनै पुरुष मुखियाको अधीनमा रहन्छन् (पाण्डे, २०६९, पृ. ९) । पितृसत्तात्मक समाजमा परिवार, धर्म, कानुन, शिक्षा, राजनीति, सञ्चार जस्ता संस्थाहरूले पुरुष वर्चस्वलाई केन्द्रमा राखेका हुन्छन् त्यसैले पितृसत्ता पुरुषकै हितमा पुरुषद्वारा रचित सामाजिक संरचनाको रूप हो ।

पितृसत्तामा शारीरिक, व्यक्तिगत, सामाजिक र सांस्कृतिक रूपमा भूमिकाविहीन पुरुष नै सत्ताको केन्द्रमा रहने गर्दछ । पितृसत्ताको आरम्भ परिवारबाट हुन्छ भने यसमाथिका सबै सामाजिक संरचनामा यसको व्यापक विस्तार भएको छ । पितृसत्तामा संस्कृतिको अभिपतिका रूपमा पुरुषभूमिका बन्दनीय र नारीभूमिका दमनीय एवम् निन्दनीय रहने गर्दछ । विचारधारात्मक रूपमा पितृसत्ताको खास अभिप्राय पिताको मात्र नभएर पुरुषको शासन भन्ने हुन्छ (लर्नर, सन् १९८६, पृ.२३९) ।  पितृसत्तामा पारिवारिक संरचनादेखि सबै प्रकारका सामाजिक संरचनामा पुरुषको अधीनतालाई शक्तिशाली भूमिकामा प्रस्तुत गरिएको हुन्छ । यसमा पुरुष शक्तिशाली, स्वतन्त्र र निर्णायक तहमा रहेको हुन्छ भने महिलालाई विभेद, शोषण, दमन, हिंसा जस्ता उपकरणको प्रयोग गरी शक्तिहीन बनाई किनारीकृत गरिएको हुन्छ । यस पद्धतिमा महिला पुरुषबाट मात्र होइन महिलाबाट पनि उत्पीडित, उपेक्षित र तिरष्कृत बनेका हुन्छन् । सिल्विया वैल्बीका अनुसार पितृसत्ता पुरुषले महिलामाथि आफ्नो प्रभुत्व कायम गरी दमन र शोषण गर्ने सामाजिक ढाँचा तथा रीतिरिवाजको व्यवस्था हो ( भासिन, सन् २०११, पृ. ५) । पितृसत्तामा परिवार लगायत यसका सबै संस्थामा पुरुषलाई बढी शक्ति र अधिकार प्रदान गरिएको हन्छ । धर्म,संस्कृति, शिक्षा, मनोरञ्जन तथा पारिवारिक कार्यहरूमा सक्रियता र निर्णय गर्ने भूमिका पुरुषकै रहने गर्छ । पितृसत्तामा महिलाको उत्पादन तथा श्रमशक्ति, यौनिकता, प्रजननशक्ति, गतिशीलता, श्रम, सम्पत्ति तथा अन्य श्रोतसाधनमाथि पनि पूर्णतः पुरुषकै नियन्त्रण रहेको हुन्छ (पाण्डे, २०६९, पृ.१३-१५) । पितृसत्ता र यसबाट निर्मित सामाजिकीकरणको प्रक्रियामा लैङ्गिक असमानता प्रबल रहेको हुन्छ ।

सांस्कृतिक रूपमा सामाजिक संरचनामा निर्णकारी भूमिकामा रहने पुरुषले नारीलाई विषयका रूपमा नभई वस्तुका रूपमा हेर्ने दृष्टिकोणको पहिलो आधार नै पुरुषमा विद्यमान असीमित शक्ति तथा कार्यकारी नारीभूमिकामा समेत पुरुषको नियन्त्रण नै हो । यसलाई सांस्कृतिक र विचारधारात्मक पद्धतिको रूपमा विकास गर्नका लागि पितृसत्ताको भूमिका सशक्त रहेको छ । पितृसत्तामा लैङ्गिक भेद, दमनको मात्रा र प्रकृति भिन्नभिन्न भए तापनि जुनसुकै स्थान, परिवेश र सन्दर्भमा पुरुष शक्तिसम्पन्न, पूर्ण र प्रधान बनेर प्रभुत्व जमाएर रहेको हुन्छ भने स्त्रीलाई गौण, पराश्रित, शक्तिविपन्न, अधीनस्थ र किनारीकृत अवस्थामा पछाडि पारिएको हुन्छ (भासिन, सन्, १९९८, पृ.३-६) । पोसाक, खाना, शिक्षाजस्ता कुरामा छोरा र छोरीमा भेद गरिने परम्पराबाट पितृसत्ताको विकास भएको हो । पितृसत्तामा पुरुषको पतिरूप सबैभन्दा बढी हिंस्रक र कुरूप हुने हुँदा लैङ्गिक भेदको चरम रूपमा देखा परेको हो । नारीवादमा सांस्कृतिक रूपमा नारीपुरुष सत्ता र शक्तिसम्बन्धको अध्ययन गरिने विषयको प्रवेश विन्दु नै पितृसत्ता र यसले उत्पादन गरेको ज्ञान हो । जैविक रूपमा नारीमा विद्यमान पुनरुत्पादनको भूमिकालाई कमजोरी मानी गरिएको पुरुषकेन्द्री दर्शन, ज्ञान, संस्कृति र त्यसको विभेदकारी सामाजिक स्वरूप नै नारीवादको अध्ययनको विषय हो । सामन्तवादी सामाजिक निर्मितिभित्र पितृसत्ताप्रधान अध्यात्मवादी समाज व्यवस्था भएको नेपाली समाजमा विद्यमान लैङ्गिक असमानता भएको नेपाली समाजको प्रतिबिम्ब प्रस्तुत भएका पारिजातका कवितामा पितृसत्ता र यसको सांस्कृतिक स्वरूपको चित्रण भएको छ । पारिजातका कवितामा अभिव्यक्त पितृसत्ताको विषयलाई तलको उपशीर्षकमा विश्लेषण गरिएको छ ।

## २.३ पारिजातका कवितामा पितृसत्ता

कवि पारिजातका कवितामा पितृसत्ता कविताको भाव, अन्तर्वस्तु, भाषा, उद्देश्य, सारतत्त्वजस्ता कविता तत्त्वका माध्यमबाट अभिव्यक्त भएको छ । पारिजातका कवितामा पितृसत्तात्मक समाज व्यवस्था र त्यसको सामन्तवादी चिन्तनका आधारमा पितृसत्तात्मक सामाजिक संरचनामा पुरुषको भूमिकालाई स्थापित र महिमामण्डित गरी नारी भूमिकालाई नगण्य मान्ने परम्परावादी पुरुष सोंच, प्रभुत्व र पुरुष केन्द्रित व्यवस्थाका कारण पुरुषको भूमिका स्थापित र महिमामण्डित गरी नारी भूमिकालाई किनारामा पुऱ्याउने पुरुष सोंचसहित अभिव्यञ्जित भएको छ । उनका कवितामा पुरुष पात्र उच्च वर्गका, सबल,

सक्षम, कठोर, आक्रामक, रक्षक, सक्रिय बनेर आएका छन् भने नारी पात्रहरू निम्न वर्गीय, निरीह, कोमल, रक्षिता, परनिर्भर डरपोक, असाहाय देखिन्छन् । पारिजातका कवितामा न्यूनतम नारीमैत्री बन्न नसकेको सांस्कृतिक अभ्यास अभिव्यञ्जित भएको छ । त्यसैगरी उनका कवितामा नारीलाई भौतिक रूपमा मात्र नियन्त्रण नगरी नारीका सोंच, अनुभव, अनुभूतिमा समेत पुरुषकै आधिपत्य क्रियाशील हुँदा असमान संस्कृतीकरण अभ्यन्तरीकरण भएका चित्रण गरिएको छ । नारीपुरुष सत्ता सम्बन्धमा पुरुषको यशोगान र भक्तिमा समर्पित हुनैपर्ने सामाजिक संस्कृतिको चित्रण कवितामा यसरी गरिएको छ :

ऊ त्यो काले काले सिकुटे सिकुटे
रिट्ठे सार्की भन्थे
नाउँ नलिनु भन्थे
त्यही हो मैले लोग्ने भन्नु पर्ने
सधैं सधैं माया गर्नुपर्ने
सधैं सधैं उसको कुरा मान्नुपर्ने
उसको लात, बात सबै सहनुपर्ने
लोग्नु भनेको के हो मेरी आमा ?
सङ्गिनी खेल्दा त सबैले लोग्ने रिझाउनु मात्र भन्थे ।
(पारिजात, २०७३, *गढतिरको ढुङ्गामा आमाको सम्झना,* **पारिजातका सङ्कलित रचनाहरू**, पृ. १६८ -१६९)

प्रस्तुत कवितांशमा परम्परित पितृसत्तात्मक नेपाली समाजमा नारीहरूको भूमिका र अवस्था निरीह रहने विषय अभिव्यञ्जित भएको छ । कवितांशमा नारीको अनुभव ,अनुभूति र तिनका सोचलाई सत्तासीन पुरुषले सदैव अपमान ,शोषण, दमन र हिंसा गर्ने सामाजिक संरचनाको अभ्यास अभिव्यक्त भएको छ । सामन्तवादी पितृसत्तात्मक समाज व्यवस्थामा नारीले पतिको नामसमेत उच्चारण गर्न नहुने, पति रूपको देवत्वकरण गर्नुपर्ने यथार्थ उद्घाटन भएको छ । पत्नीले पतिलाई सधै माया गर्नुपर्ने, उसको इसारामा नाच्नुपर्ने, भनेको मान्नुपर्ने,उसका लातबात सबैलाई निरीह बनेर सहनुपर्नेजस्ता समाजद्वारा निर्मित भाष्यले पत्नी रूपको दासत्वकरण अभिव्यञ्जित भएको छ । कवितामा नेपाली समाजमा लिङ्गका आधारमा भाले, पोथी संस्कृतिका सम्बन्धमा शक्तिसम्पन्न भई सत्तामा रहेको

पुरुषले नारीलाई अधीनमा राख्ने परम्पराको उद्घाटत भएको छ । आर्जित सम्पत्तिका रूपमा भित्रिएका पत्नीहरूले पति रूपले जे गरेपनि सहनुपर्ने सामाजिक सांस्कृतिक भाष्यको निर्मितिले कविताशंमा अन्तर्निहित पितृसत्ताको वर्चश्व पुष्टि भएको छ । यो अवस्थामा परम्परित समाज व्यवस्थामा अन्तर्निहित लैङ्गिक विभेदको विषयलाई सङ्गिनी खेल्दा पनि नारीहरूले नै पत्नी भनेका पतिलाई रिझाउने जात हो भन्दै पितृसत्ताको पक्षपोषण गर्ने भाष्यको निर्माणले नारीद्वारा नारी नै उत्पीडित हुने विषय मुखरित भएको छ । परम्परित पितृसत्तात्मक शासन व्यवस्थामा पुरुष शासकका रूपमा शक्तिशाली भूमिकामा रहने र नारी मानव भएर पनि निरीह प्राणीका रूपमा शासित भइरहनुपर्ने भाष्य निर्माण हुनु पितृसत्ताको उपज हो । पुरुष सत्तामा रहने हुनाले पत्नी पतिको आज्ञापालक भएर रहनुपर्ने, वस्तुसरह कठपुतली भएर नाच्नुपर्ने यथार्थको प्रस्तुतिले पितृसत्तामा कहिले परम्पराका नाममा त कहिले संस्कारका नाममा महिलाका स्वतन्त्रता र गतिशीलताका पक्षहरू पुरुषको नियन्त्रणमा हुने विषयलाई सङ्केत गरेको छ । लैङ्गिक सहअस्तित्वको संस्कृतिले मात्र समाजमा लिङ्गमैत्री परिस्थिति निर्माण हुन सक्ने यथार्थ कवितांशमा यसरी प्रस्तुत भएको छ :

> लोग्नेलाई त मैले जग्गेमा मात्रै देखेकी
> टोपीमा लालुपातेको फूल घुसारेर
> निधारमा तीनवटा सीतारा टाँसेर
> गालामा अलि अलि लाली घसेर
> आएको मेरो अध बैंसे दुल्हा
> आरन जस्तै अँध्यारो र खलातीजस्तै धुस्रो थियो ।
> ए हाँस्नु भएको हजुर त ।
> यसको गोडा पखालेको पानी खानू
> साँझबिहान यो तेरो देवता हो भनी बूढी बज्यैले भन्दा
> घुम्टो भित्र म रोएकी
> खै कसरी देखाउ गालामा आँसुको डोब बस्दैन हजुर
> पहरामा खहरेको डोब बसेजस्तै
> (ऐजन, पारिजात २०७३,*एउटी स्वास्नीमान्छेको अन्तर्वार्ता* ,**पारिजातका सङ्कलित रचनाहरू,** पृ. १४६ - १४७ )

पितृसत्तामा नारीलाई जीवन साथी रोज्ने, छान्नेजस्ता लैङ्गिक स्वतन्त्रता, समानता र समताको अवसरबाट सधैं बञ्चित गरिने र पत्नी रूप सधैं पतिरूपको नियन्त्रण र छत्रछायामा उत्पीडित भएर बाँच्नुपर्ने यथार्थ कविताशंमा प्रस्तुत भएको छ । पत्नी भैसक्दा पनि आफ्नो पतिलाई चिन्न नसकेको, विवाहका लागि जग्गेमा बस्दा मात्र उसको अनुहार देखेको, अरूले गरेको निर्णयमा बाँच्नुपरेको, विवाहमा नारीलाई वस्तुसरह दान दिएर पठाउने र पूर्ण रूपमा जिम्मेवारीबाट उम्कने तर उसकै प्रभुत्वमा त्रसित भई बाँच्नुपरेको यथार्थ कवितामा प्रस्तुत भएको छ । जस्तोसुकै उमेर, स्वभाव र अवस्थामा रहेको भएपनि अभिभावकले चयन गरेको व्यक्तिलाई पतिका रूपमा स्वीकार्नु पर्ने बाध्यात्मक अवस्थामा नारीहरू पतिका दास बनेर रहनुपर्ने यथार्थ उद्घाटन भएको छ । पुरुष वा पतिलाई देवताको रूप मानेर पूजा गर्नुपर्ने, गोडाको पानी खानुपर्ने सामाजिक सांस्कृतिक निर्मितिका कारण पत्नी रूप अन्याय, अत्याचार, शोषण, दमन, हिंसामा परी पीडित र निरीह भएर बाँच्नु परेको यथार्थ कवितामा अभिव्यञ्जित भएको छ । कवितांशमा अघिल्लो पुस्ताले यही लैङ्गिक भेदको संस्कृतीकरण गरी पुस्तान्तरण गर्दा पितृसत्ता हाबी भएको यथार्थ पुष्टि भएको छ । यही र यस्तै पितृसत्तात्मक दमन र उत्पीडनका विरुद्धमा नारीवादको विकास भएको हो । पितृसत्ताले निर्माण गरेका यिनै र यस्तै सामाजिक सोचले लैङ्गिक भेदलाई टेबा पुऱ्याएको छ । धर्म, संस्कार, समय, समाज आदिका आधारमा छोरा र छोरीमा भेद गर्ने र नारीले नारी हुनकै कारण समाजमा उत्पीडन भोगेर बाँच्नुपर्ने यथार्थ कवितामा अभिव्यञ्जित भएको छ । रूढिवादी सोच र परम्पराका कारण पितृसत्ताले निर्माण गरेको भाष्यले नारीहरूले आफूले भोगेका पीडालाई समेत सार्वजनिक गर्न नसकेको यथार्थ कविताशंमा अनुभूतिका रूपमा आएको छ । हिंसात्मक व्यवहार पितृसत्ताले निर्माण गरेको नारी नियन्त्रणको अर्को रूप हो । कवितांशमा नारीका पीडा अदृश्य हुने अनुभव र अनुभूतिलाई आँसुले गालामा डोब पार्न नसक्ने वस्तुतत्वका माध्यमबाट प्रस्तुत भएको छ । नारीलाई जाति, धर्म, सामाजिक सांस्कृतिक परम्परा आदिका कारण प्रचलित कुप्रथाका नाममा नारीहरू बलात्कृत भएर विवशताका आँसु पिएर बाँच्नुपर्ने अनुभव र अनुभूतिलाई निम्न लिखित कवितांशमा प्रस्तुत गरिएको छ :

वनपाले र उनका मतियारहरूले मेरो ज्यानसँग
जथाभावी गरे
मेरो इज्जत सबै लुटे

मलाई रत्ताम्मे पारे

काल नआएकी म मर्न सकिन हजुर

माइती एका देशमा

लोग्ने निम्छरो

ठुला बडाको मुख हेरी गाउँलेहरूले मलाई

यहाँ ल्याईदिए हजुर

बाहिर मेरो रक्षे गर्ने कोही छैन ।

मलाई ऊ त्यो झ्यालखाना भित्र राखिदिनुहोस् हजुर ।

झ्यालखाना भित्र ।

(पारिजात, २०७३ , *बलात्कृतको बयान* , **पारिजातका सङ्कलित रचनाहरू,** पृ. १५६ )

मेलापात गर्दा होस वा घाँसदाउरा गर्दा नारीहरू सुरक्षित रहन नसक्ने पुरुषले हिंसात्मक दृष्टिले हेर्ने र तिनका शरीरलाई जबर्जस्त उपभोग गर्ने यथार्थ कवितामा उजागर भएको छ । पितृसत्तामा पुरुष वा पतिरूप सर्वेसर्वा बनेर केन्द्रमा रहने हुनाले नारीलाई जहाँ पायो त्यही दुर्व्यवहार गर्दा मानसिक रूपमा आघात उत्पन्न भएको भाव कवितांशमा आएको छ । सत्तासीन पुरुषले नारीको अस्तित्व र अस्मिता लुटिदिंदा रक्षिता, डरपोक र रुन्चे भएर बाँच्नु परेको यर्थाथ कवितांशमा अभिव्यञ्जित भएको छ । पुरुषको ज्यादतिका कारण बलात्कृत नारी सार्वजनिक हुन नसकेको यथार्थलाई कवितामा उल्लेख गर्दै नारीमा उत्पन्न मानसिक आघातलाई ‘मलाई झ्यालखानामा राखिदिनुस्’ भन्ने अभिव्यक्तिले पुष्टि गरेको छ । नारीहरूले भोग्नुपरेका विभिन्न किसिमका समाजिक सांस्कृतिक हिंसाको कारकका रूपमा पितृसत्ता रहेको भावलाई कवितांशमा यसरी प्रस्तुत गरिएको छ :

हजुर मालिक मेरो बिहे भएको होइन

ढाँटेर के हुन्छ

सौतेनी माईज्यूले उसैको भाइको

सौता हालिदिएकी

मेरी जेठी पिण्ड रोगी

म त काम गर्न आएकी

१५ पुगेर १६ मात्र टेकेकी
ऊ त्यो  लालुपातेको फूल जस्तै थिएँ हजुर
यो दमिनीको कत्रो रूप भनी
र्‍याल काट्थे बुढा विष्टहरू
(पारिजात, २०७३, *जुठी दमिनीको अभिव्यक्ति*, **पारिजातका सङ्कलित रचनाहरू**, पृष्ठ १५७ -१५८)

प्रस्तुत काव्यांशमा परम्परित पितृसत्तात्मक समाज व्यवस्थामा मानवीय मूल्यमान्यता, व्यवहार तथा सामाजिक सांस्कृतिक अवस्थाले पनि मानवीय मूल्यमा समेत उचनीचको अवस्था सिर्जना गरेको यथार्थ अभिव्यञ्जित भएको छ । पहिचानविहीन पत्नी रूपलाई विभिन्न स्वार्थमा विवाह बन्धनमा बाध्ने र दास बनाउने परम्परा पनि पितृसत्ताको उपजका रूपमा रहेको यथार्थ कवितांशमा अभिव्यञ्जित भएको छ ।  कवितामा उमेर नमिलेपनि बालककालमै आफ्ना नातागोता, आफन्तजनले जबर्जस्ती विवाह गरिदिने परम्परा पनि पितृसत्ताकै उपज भएको अनुभूति प्रस्तुत भएको छ । पितृसत्तामा नारी रूपसौन्दर्यकी धनी भएर रहँदा त्यही रूप नै अभिशाप हुने विषय पनि पन्ध्र पुगेर सोह्र मात्र टेक्दा लालुपातेजस्तै फुलेको अवस्थामा उच्च जातका बिष्टहरूले कामुक दृष्टिले हेरेको अवस्था कवितामा अभिव्यञ्जित भएर आएको छ । जैविक रूपमा फरक रहेका नारीपुरुषलाई यसैका आधारमा पितृसत्ताले विभेदयुक्त व्यवहार गरेको यथार्थ कवितामा यसरी अभिव्यञ्जित भएको छ :

तिमी र म एउटै होइनौं
एक अर्काको पूरक मात्रै हौं
त्यसैले तिमी मेरा थुप्रै अनुभूतिहरूका भागिदार हुन सक्दैनौ
म तिम्रो मृत देहसँग जिउँदै मर्न सक्छु
म तिम्रो सामूहिक बलत्कार खपेर बाँच्न पनि सक्छु ,
तिमीलाई त यसो कहिल्यै भएन ,
तिमीले रजस्वलाको कष्टप्रद क्षण भोगेका छैनौ
तिमीले आफ्नो अस्मिताको जोखिम उठाउनु पर्दैन
तिमीलाई गर्भधारणको अतिशय पट्यारलाग्दो अवधि थाहा छैन

तिमीलाई प्रसवकालको सीमातीत कष्ट भोगनु पर्दैन
हो, म तिमीबिना आमा बन्न सक्दिन
तर मैले तिमीलाई बाबु बन्ने श्रेय दिएकी छु
तथापि तिमी त्यो नैसर्गिक मातृत्व बुझ्दैनौ
त्यो मेरो नितान्त ...मेरो अनुभूति हो
तिमीलाई स्वास्नी मान्छेले बलात्कार गर्यो ?
(पारिजात, २०७३, *मानुषी,* **पारिजातका सङ्कलित रचनाहरू**, पृष्ठ १२७ )

जैविक रूपमा नारीपुरुष फरक छन् । यही आधारमा समाज र संस्कारले पनि नारीपुरुषलाई फरक भूमिका प्रदान गरेको छ । फरक भूमिका प्रदान गर्ने क्रममा लैङ्गिक भेद उत्पन्न हुँदा नारी उत्पीडित भएर रहनुपर्ने अवस्थाको कारक तत्त्व पितृसत्ता बनेको छ । कवितांशमा प्राकृतिक संरचनाका कारण नारीका अनुभव र अनुभूति पुरुषका भन्दा फरक रहेको भाव आएको छ । पितृसत्तात्मक समाज व्यवस्थामा नारीलाई घरघरना र इज्जतका नाममा भूमिकाविहीन तुल्याउने चेतना अभिव्यञ्जित भएको छ । पितृसत्ताले नारीका वैयक्तिक अधिकारमाथि पनि नियन्त्रण गरेको छ । नारीका फरक जिम्मेवारी, भूमिका र अनुभूतिलाई यस संस्थाले अपमानित तरिकाले मूल्याङ्कन गर्ने परम्पराका कारण नारीहरू विभेदित भएर रहनुपरेको यथार्थ कवितामा अभिव्यञ्जित भएको छ । पितृसत्ताकै कारण लैङ्गिक समता र समानता कायम हुन नसकेको यथार्थ कवितांशमा आएको छ । पितृसत्ताले पुरुषलाई दिएको अधिकार तथा हालीमुहालीका कारण नारीहरू हरेक क्षेत्रमा प्रताडित भएको यथार्थ कवितामा प्रस्तुत भएको छ । प्रजनन, गर्भपतन, यौनसम्बन्धजस्ता विषयमा भोगेका उत्पीडित अनुभूतिलाई पितृसत्तात्मक वर्चस्वका कारण नारीहरू किनारीकृत हुनुपरेको यथार्थ प्रकट भएको छ । पुरुषका तुलनामा नारीका अनुभूति, भूमिका फरक भएकाले पुरूषलाई शक्तिशाली, पूर्ण र सबल ठान्ने परम्पराले नारीहरू हर क्षण त्रसित भई बलात्कृत हुनुपर्ने, हत्याहिंसा सहन बाध्य हुनुपर्ने परिवेश पितृसत्ताले निर्माण गरेको विषय कवितामा अभिव्यञ्जित भएको छ । पितृसत्तामा पुरुष नै विधायक हुने हुनाले पुरुष शासक र नारी शासित भएर सतीप्रथाजस्ता सामाजिक सांस्कृतिक मूल्य मान्यता स्थापित भएकाले नारीहरू पुरुषका मृत शरीरसँग जिउँदै जल्नुपर्ने यथार्थ कवितांशमा प्रस्तुत भएको छ । प्रकृतिले नारीको मातृस्वरूपलाई बढी जिम्मेवारी सुम्पिए पनि पुरुषले त्यसलाई सहज रूपमा स्वीकार्न नसक्नु पनि पितृसत्ताकै उपज भएको यथार्थ अभिव्यञ्जित भएको छ । समाज, संस्कार, धर्म

र कानुनमा समेत हिंसा, दमन, अन्याय, अत्याचार भोग्न बाध्य बनाएको यथार्थले कवितांशमा पितृसत्ता हावी भएको पुष्टि भएको छ । नारीका जिम्मेवारी र भूमिकालाई सत्तासीन पुरूषले अवमूल्यन गर्नु पनि पितृसत्ताकै कारण हो । पारिजातका नारीवादी कवितामा पितृसत्ताको प्रस्तुति नारीपुरुष सहअस्तित्वको भावसङ्ग सम्बन्धित भएर आएको छ् । पितृसत्तात्मक समाज व्यवस्थाका कारण मातृत्वको नैसर्गिक अधिकार बुझ्न नसक्दा महिलाहरू समाजिक सांस्कृतिक विभेदमा परेको यथर्थलाई कवितामा यसरी प्रस्तुत गरिएको छ :

अन्धकार र दुर्गन्धमा पल्किरहेको भुस्याहा कुकुर

तिमीभन्दा म कति पनि टाढा छैन
दिनभर घाममा आङ तन्काएर
म तम्सिएरै बसेकी छु
आफ्नो लाछी लोग्नेको लात खान
नसोध यो प्रहार
यस प्रहारको त मलाई भोक लाग्छ
(पारिजात, २०७३, *नसोध मलाई,* **पारिजातका सङ्कलित रचनाहरू**, पृष्ठ ६७)

पितृसत्ताले निर्माण गरेका मूल्यमान्यताले मानवीय मूल्यमा समेत उचनीचको अवस्था सिर्जना गर्दछ भन्ने यथार्थ कवितांशमा प्रकट भएको छ । पितृसत्ताको प्रभुत्वका कारण नारी एउटा भुस्याहा कुकुर जस्तै अस्तित्वहीन भएर बाँच्नु परेको छ । स्वास्नी हुनुकै कारण सदैव पुरूषबाट कुटिएर ,चुटिएर बाँच्न बाध्य हुनुपर्ने यथार्थ कवितामा प्रस्तुत भएको छ ।  यस्ता चुटाइकुटाइ खानु उसका लागि निरन्तर प्रक्रिया बनेका छन् । ऊ पति रूपका यिनै प्रक्रियामा अभ्यन्तरित हुनाले पतिका बात र लातको लागि सधै तयारी अवस्थामा रहेको अनुभूति व्यङ्ग्यात्मक रूपमा प्रस्तुत भएको छ ।  पितृसत्तामा पुरुष शासकका रूपमा शक्तिशाली भूमिकामा रहने र महिलाले आफ्नो लाछी लोग्नेको लातबात खाएर अस्तित्वविहीन र पहिचानविहीन अवस्थामा रहनुपरेको यथार्थ कवितामा अभिव्यञ्जित भएको छ :

आफ्नै अन्तरमा उल्ट्यो

सहानुभूति मेरो
तर इन्कार गरे मैले
रूुन ।
किनकि मलाई थाहा थियो
रक्तहीनहरूका निम्ति आखिर
आँसु नै पो कहाँ हुन्छ र ?
(पारिजात, २०७३ ,*आमा,* **पारिजातका सङ्कलित रचनाहरू**, पृ. १७६)

यस कविताांशमा पितृसत्तात्मक शासन व्यवस्थाले निर्माण गरेका व्यवस्थाका कारण केन्द्रबाट टाढा रहेका किनारीकृत महिलाले पीडा भोगेर बाँच्नु परेको यथार्थ पितृसत्ताको उपज भएको सन्दर्भ पुष्टि भएको छ । पुरुष वा पति रूप कठोर, आक्रमक, पत्नीको अस्तित्वलाई स्वीकार्न नसक्ने र आफ्नो प्रभुत्वलाई दम्भका रूपमा लिने हुनाले पुरुषको आत्मा रक्तहीन हुने विषयको विमर्श भएको छ । मातृत्वसङ्ग सम्बन्धित भावानात्मक सम्बन्धलाई पति वा पुरुष रूपले कहिल्यै बुझ्न नसकेको र सधैं हिंसा,दमन, शोषण ,अन्याय अत्याचार सहेर बाँच्न विवश हुँदा मातृशक्ति पनि कठोर बन्न बाध्य भएको प्रसङ्ग अभिव्यञ्जित भएको छ :

कुन भञ्ज्याङदेखि
कुन अनकन्टार ब्याँसीमा
कुन अचिनारूसँग
अन्माएर लखेटिएकी म
मेरी आमै ! कुन जुनीमा भनु म
तिम्रो आँगन टेक्न आउँला ,
मेरा माइती राजै
(पारिजात, २०७३, गढतिरको  ढुङ्गामा आमाको सम्झना, **पारिजातका सङ्कलित रचनाहरू**, पृ. १६८ )

पितृसत्ताले निर्माण गरेका विभेदका विभिन्न रूपहरूमध्ये मुख्य रूप लैङ्गिक विभेद हो । यसमा विवाहजस्ता संस्थाले नारीलाई आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक, भौगोलिक हरेक क्षेत्रमा पहिचानविहीन बनाएर राखेको छ । चिनजान नभएको मान्छेसँग छुट्टै

भूगोल, समाज र संस्कारमा जीवन बिताउन जानुपर्ने सामाजिक सांस्कृतिक निर्मिति पनि पितृसत्ताकै उपज हो । अपरिचित पुरुषको पछि लागेर वस्तुसरह लखेटिएर नयाँ स्थान संस्कार र भूगोलमा जानुपर्दाको अवस्थालाई कविताको यस अंशमा पितृसत्ताको कारण नारी अस्तित्वहीन अवस्थामा बाँच्नुपर्ने सामाजिक निर्मितिको बोध भएको छ । पितृसत्तााात्मक समाजमा नारीका बाध्यात्मक अवस्थाका वैयक्तिक अनुभूतिलाई कवितामा यसरी प्रस्तुत गरिएको छ :

प्रिय आज आत्मसमर्पणको दिन हो,
के मलाई पहिराइदिन्नौ
अश्रुबुँदहरूको माला,
जसका पत्र पत्रहरूको सुगन्धमा
आफैलाई समावेश गर्नु छ ।
(पारिजात, २०७३, *आधार,* **पारिजातका सङ्कलित रचनाहरू**, पृ. १६८ )

उपर्युक्त कवितांशमा सामन्तवादी पितृसत्तात्मक समाज व्यवस्थामा नारीले पुरुषका निम्ति आत्मसमर्पण गर्नुपर्ने अवस्थाको चित्रण भएको छ । नारी सधै किनारामा रहने हुनाले नारीले जीवन समर्पणको बदलामा अश्रुबुँदको अपेक्षा गर्नुपर्ने अवस्थाप्रति व्यङ्ग्य गरिएको छ । यसले पितृसत्तामा महिलामाथि गरिने दमनको अवधारणा भएको पुष्टि गरेको छ । परम्परित पितृसत्तात्मक शासन व्यवस्थामा पुरुष शासकका रूपमा शक्तिशाली भूमिकामा रहने र नारी मानव भएर पनि निरीह प्राणीका रूपमा शासित भइरहनुपर्ने भाष्य निर्माण हुनु पितृसत्ताको उपज हो । पुरुष सत्तामा रहने हुनाले पत्नी पतिको आज्ञापालक भएर रहनुपर्ने र वस्तुसरह कठपुतली भएर नाच्नुपर्ने यथार्थको प्रस्तुतिले पितृसत्तालाई सङ्केत गरेको छ । लैङ्गिक सहअस्तित्वको संस्कृतिले मात्र समाजमा लिङ्ग मैत्री परिस्थिति निर्माण हुन सक्ने यथार्थलाई निम्न लिखित कवितांशमा प्रस्तुत गरेकी छन् :

बन्धन मेरो बाहुडोरको
तँलाई प्रिय लाग्ने,
बाँध्न खोज्दा आदर्श सूत्रले,
तेरो मुटु फुत्केर जाने ।
अधरमा लालयित तेरो प्रेम

आह्वान गर्दा मेरो आत्माले
तेरो हृदय कम्पित हुने,
सदा मेरै उच्छ्वासमा तँ विलास लुट्न खोज्ने ।
(पारिजात, २०७३, गीत, **पारिजातका सङ्कलित रचनाहरू**, पृ. १६८ )

प्रस्तुत कविताशंमा सामाजिकीकरणको प्रकियामा पुरूष केन्द्रमा रहने र महिला सधैं किनारामा रहने हुनाले पुरुष हरेक कार्यमा शासक बन्न खोज्ने यथार्थ अभिव्यक्त भएको छ । स्वतःस्फूर्त रूपमा एकआपसमा आदानप्रदान हुने प्रेममा पनि पुरूषले शारीरिक प्रेमलाई महत्त्व दिने तर आत्मिक प्रेमको अपेक्षामा टाढा हुन खोज्ने स्वार्थी प्रवृतिलाई शरीर राजनीतिका माध्यमबाट सङ्केत गरेको छ । पितृसत्ताको वर्चश्वका कारण नारीको शररिलाई उपभोग्य साधनका रूपमा प्रयोग गर्न खोज्ने विलासी प्रवृतिलाई कविताले सङ्केत गरेको छ । पितृसत्ताले स्थापना गरेका सामाजिक मूल्यमान्यताका कारण पुरूष सत्तासीन र इज्जतदार हुन खोज्ने हुनाले उसले आफ्नो व्यभिचारी प्रवृतिलाई सुरक्षित गर्दछ भन्ने भाव कवितांशमा आएको छ । मानव सभ्यताको विकासका कममा नारी र पुरुषका बीच भेद उत्पन्न हुँदै जाने कममा मानव हितको लागि सिर्जित समाज र  सत्ताले नै नारी शरीरलाई वस्तुकरण गरी उपभोग गर्ने यथार्थ कवितामा व्यक्त भएको छ । पितृसत्तामा पुरुषकै हातमा सबै व्यवस्थापकीय जिम्मेवारी हुने हुनाले पुरुषले आफू अनुकूलको कानुन निर्माण गर्दछन् । उनीहरू भोगी, विलासी,  स्वार्थी र वासनात्मक प्रेममा रमाउने हुन्छन् भन्ने विषयलाई कवितांशले पुष्टि गरेको छ ।

## २.४ निष्कर्ष

पारिजातका कवितालाई पितृसत्ताका आधारमा अध्ययन तथा विश्लेषण गर्दा परम्परित सामन्तवादी समाज व्यवस्थामा पुरुष शासक भएर केन्द्रमा रहेको र नारी शासित भएर किनारीकृत हुनुपरेको अवस्था रहेको छ । उनका कवितामा पितृसत्ता कविताको अन्तर्वस्तु, भाव, भाषा,अनुभव, अनुभूति आदिका माध्यमबाट अभिव्यञ्जित भएको छ । यो समाज व्यवस्थाको एउटा ढाँचा हुनाले यसमा पुरुषको वर्चस्व केन्द्रमा रहेको हुन्छ । पारिजातका पितृसत्ता सशक्त र सबल बनेर आएका गढतिरको ढुङगामा, आमाको सम्झना, एउटी स्वास्नीमान्छेको अन्तर्वार्ता, बलात्कृतको बयान, मानुषी, जुठी दमिनीको अभिव्यक्तिजस्ता कवितामा पारिवारिक संरचनादेखि सबै किसिमका  सामाजिक संरचनामा

पुरुषको प्रभुत्व रहेको छ । यी कवितामा पुरुषमैत्री व्यवस्थाका कारण ऊ शक्तिशाली, स्वतन्त्र, निर्णायक तहमा रहेको छ भने नारी पात्रहरू विभिन्न किसिमका हिंसामा परी शोषित, दमित र उत्पीडित भएर रहेका छन् । यही शोषण, दमन र उत्पीडनका विरुद्धमा पारिजातका कवितामा प्रतिरोधी चिन्तन आएको छ । उनका कवितामा पितृसत्तात्मक व्यवस्थाले कहिले परम्परा, कहिले समाज, संस्कार त कहिले धर्मका नाममा नारीका वैयक्तिक स्वतन्त्रता, गतिशीलता, यौनिकताजस्ता विविध पक्षमा नियन्त्रण गरेको छ । सामन्तवादी पितृसत्तात्मक समाज व्यवस्थामा पुरुषको वर्चस्वका कारण पत्नी रूप सधैं अधीनस्थ भई बाँच्नु परेको यथार्थ अभिव्यञ्जित भएको छ । पारिजातका कवितामा पितृसत्ताका कारण नारीहरू पुरुषबाट मात्र उत्पीडित नभई नारी नारीबाट पनि उत्पीडन भोग्न बाध्य भएका छन् । पारिजातका उपर्युक्त कवितामा पितृसत्ताले नारीलाई भौतिक रूपमा  नियन्त्रण र उत्पीडनमा पार्दै मानसिक  रूपमा अभिघातको सिकार हुन पुगेका छन् । कवितामा पितृसत्तात्मक शासन व्यवस्थामा अभ्यन्तरित पत्नी रूप मानसिक रूपमा उत्पीडन भोग्न तयार रहेका अनुभूति पनि व्यक्त भएको छ ।

तेस्रो परिच्छेद

# पारिजातका कवितामा लैङ्गिक शक्तिसम्बन्ध

## ३.१ विषयपरिचय

पारिजातका कविता सांस्कृतिक सन्दर्भमा शक्तिसम्बन्धको कसिलो अभिव्यक्ति मुखरित भई संरचित रहेका छन् । पारिजातका कवितामा नेपाली समाजको निर्मितिका कारण शोषण र उत्पीडनमा परेका नारीको दमित स्वरूप तथा लैङ्गिक शक्तिसम्बन्धका दृष्टिले पितृसत्ताको विभेदकारी सांस्कृति भाष्यलाई अवलम्बन गर्न बाध्य नारीको अवस्थाको चित्रण भएको छ । पारिजातका कवितामा नेपाली समाजको एकात्मक सांस्कृतिक निर्मितिका कारण परम्परा, अभ्यात्म उच्च जातिवादी संस्कृतिका कारण अधीनस्थ तुल्याइएका नारीको गतिहीन भूमिकाका साथै पुरुष आधिपत्यका कारण वञ्चितिमा परेका नारी र पुरुषप्रधान विचारधारालाई ग्रहण गर्ने क्रममा उपेक्षाको सिकार भएका समूहको प्रतिरोधी चेतनाको अभिव्यञ्जना भएको छ । नेपाली समाजमा परम्पराका नाममा स्थापना भएका नारीविरोधी संस्कृतिको पर्दाफास गर्ने पारिजातका कवितामा लैङ्गिक भूमिकाका दृष्टिले घरघरानाको चौघेरोमा परेका नारीको परम्पराप्रतिको विद्रोह र तथा त्यसका आधारमा नवीन नारीचेतनालाई वर्गीय दृष्टिकोणका माध्यमबाट प्रस्तुत गरिएका छन् । पारिजातका कविता शक्तिसम्बन्धका आधारमा अभिजात वर्गीयसँगको द्वन्द्वात्मक सङ्घर्षको अभिव्यक्तिका अतिरिक्त लैङ्गिक रूपमा पितृसत्तासँगको शक्तिसम्बन्धमा पुरुषविरोधी संस्कृतिका पक्षधर रहेका छन् । पारिजातका कविताको विचार पक्ष नै मूलभूत रूपमा लैङ्गिक शक्तिसम्बन्धमा आधारित रहेका छन् ।

## ३.२ शक्तिसम्बन्धको सैद्धान्तिक आधार

शक्तिसम्बन्ध सत्ता र अधिनस्थतासँग जोडिई सांस्कृतिक निर्मितिसँग सम्बन्धित नारीवादको अध्ययन गर्ने मानक हो । नारीवादमा शक्तिसम्बन्धको विषय लैङ्गिक सत्तासम्बन्धसँगै जोडिएर आउने विषय हो । नारीवादी आन्दोलनको उत्तरसंरचनावादी धारको आरम्भसँगै लैङ्गिक शक्तिसम्बन्धको विषय स्थापित भए पनि यसको आरम्भिक विषय मार्क्सवादी दर्शनमा अभिव्यक्त भएको छ । मानव संस्कृति विकासको आदिम युग नारीप्रधान संस्कृति अङगीकार गरी निर्माण भए पनि निजी सम्पत्तिको अभ्यास आरम्भ भएपछि पुरुषले

उत्पादनका आधारभूत साधन र शारीरिक शक्ति आफूमा सन्निहित रहेको संस्कृति निर्माण गरी नारीमाथि नियन्त्रण र दमनको संस्कृति आरम्भ भएको हो (एङ्गेल्स, २०५६, पृ. ६७) । नारीमा विद्यमान पुनरुत्पादनलाई कमजोरी मानी पुरुषमा स्थानान्तरण भएको पारिवारिक सत्ताको विकसित र विकराल स्वरूप नै नारीलाई सांस्कृतिक रूपमा कमजोर देखाई सबै प्रकारका निर्णयात्मक भूमिकामा पुरुष नै शक्तिशाली भूमिकामा आएपछि नारी अधीनस्थ बनेको विषयलाई लैङ्गिक शक्तिसम्बन्ध अन्तर्गत अध्ययन गरिन्छ ।

नारीवादमा शक्तिसम्बन्ध सामाजिक र सांस्कृतिक रूपमा नारी अधीनस्थता विरोधी अवधारणाका रूपमा अध्ययन गरिने विषय हो भने यसको विकासमा उत्तरसंरचनावादी दर्शनको प्रभाव रहेको छ । लैङ्गिक सम्बन्ध सामाजिक संरचनाको स्थूल प्रारूपमा मात्र नभई यो घर, विद्यालय, जेल, अस्पतालजस्ता सूक्ष्म सामाजिक एकाइबाट आरम्भ भई बृहत् संस्कृतीकरणको अभ्यास गर्ने शक्तिका रूपमा विकसित हुन्छ (फूको, सन् १९९०, पृ. ४७) । लैङ्गिक सम्बन्ध र भूमिकाका आधारमा निर्माण हुने पहिचानलाई दमन गरेको पितृसत्ताका विचार विरोधी मान्यताका रूपमा शक्तिसम्बन्धको विषयलाई नारीवादले १९७० को दशकमा अवलम्बन गरेको हो । समाजमा विद्यमान लैङ्गिक असहिष्णु संस्कृति र विचारधारा विरोधी मान्यताका रूपमा आएको यस अवधारणाले समाजमा रहेका नारी-पुरुष सत्तासम्बन्धमा नारी अनुभव र अनुभूतिको विषयले प्रवेश पाएको हो । समाजमा विद्यमान लैङ्गिक निर्मिति, तिनको यौनिक अनुभूति, सामाजिक संरचनाका प्रत्येक एकाइमा प्रतिनिधित्व तथा अनुभूतिका आधारमा स्वतन्त्र पहिचानका साथै संवेगात्मक अनुभवका आधारमा समान अवसर र सहभागिता नै लैङ्गिक सम्बन्धलाई पुनर्स्थापित गर्ने माध्यम हुन् (लर्बर, सन् २००५, पृ. ९) । नारीवादले लैङ्गिक निर्मितिका रूपमा नारी-पुरुष शक्तिसम्बन्धका साथै यी दुई बीचको सामाजिक सम्बन्धका आधारमा स्वतन्त्रता, पहिचान र समान अधिकारको विषयलाई स्थापित गर्दछ । लैङ्गिकता नारीपुरुषका अतिरिक्त इतर भावनात्मक अनुभव, अनुभूति र विशेषता भएका सामाजिक समूहबीचको शक्तिसम्बन्धको संस्कृति भएकाले यो व्यक्ति परिवारदेखि राजनीतिक निर्णय गर्ने उपल्लो तहसम्म शक्तिसम्बन्ध विस्तार गर्ने स्थिर कारण, परिणाम र संयन्त्रका रूपमा नारी, पुरुष र अन्य लैङ्गिक संरचनाका लागि निर्धारित भूमिका, व्यवहार र दृष्टिकोणको समूहका रूपमा स्थापित छ (कार्टर, सन् २०००, पृ. २) । शक्तिसम्बन्धका आधारमा नारीवादका समाजवादी नारीवाद, मार्क्सवादी नारीवाद,

उत्तरआधुनिकतावादी नारीवाद, उत्तरसंरचनावादी नारीवाद, आमूल नारीवाद र लैङ्गिक अध्ययनको विकास भएको हो ।

पश्चिममा ज्ञानमीमांसामा शक्तिसम्बन्धको विषयलाई आर्थिक प्रणाली र उत्पादन पद्धतिसँग जोडेर अध्ययन एवम् गतिशीलता दिइएको छ । मार्क्सवादी दर्शनमा शक्तिसम्बन्धको स्रोत आर्थिक आधारमा स्थापित हुने विषयलाई केन्द्रीय अवधारणाका रूपमा स्थापित गरिएको छ । शक्तिको मुख्य स्रोत आर्थिक हुन्छ र समाजमा चलिरहने आर्थिक तथा सामाजिक वर्गसंघर्षसँग जोडिएको हुन्छ (उप्रेती, २०६८, पृ.४२) । मार्क्यवादको प्रतिरोधी दर्शनका रूपमा स्थापित उत्तरसंरचनावादी दर्शनमा शक्तिको स्रोत आर्थिक नभई विमर्शबाट निर्मित सत्तासँग सम्बन्धित रहने विषयको जिकिर भएको छ । शक्तिको स्रोत आर्थिक नभई बहुलतामा आधारित संस्कृति रहेको तर्क गर्ने फुकोले शक्तिको स्रोतका रूपमा सत्ता र सङ्कथनको अवधारणा अघिसारेपछि नारीवादमा पनि यस विषयको प्रवेश लैङ्गिक सम्बन्धको अध्ययनका रूपमा भएको हो । शक्तिका कर्मकाण्डहरू राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिकलगायतका समाजका सबै क्षेत्रमा मात्र नफैलिएर विश्वव्यापी संसार, राष्ट्र, समाजदेखि लिएर परिवार र व्यक्तिका अन्तर्मनसम्म चलिरहेकै हुन्छन् (उप्रेती, २०६८, पृ.४२) । शक्तिसम्बन्ध सीमित समूह र तिनीहरूबीचको द्वनद्वात्मक सम्बन्ध मात्र नभई प्रकारान्तरले यो परम्परा र संस्कृतिका नाममा स्थापना भएका असमानता र अप्रतिनिधित्वसँग सम्बन्धित भाष्य रहेको छ । फुकोका अनुसार शक्तिले सञ्जालका रूपमा सबै सांस्कृतिक निर्मितिमा समान भूमिका खेल्ने वा एकाधिकार स्थापित नगर्ने भएकाले यो जालोजस्तो सङ्गठनका माध्यमबाट प्रयोग गरिन्छ र उद्घाटित हुन्छ (पाण्डेय, २०७३, पृ.७४) । फुकोका अवधारणा सत्ता, शक्ति र विमर्शलाई सत्ता वा शक्तिको मुख्य स्रोत ठान्छन् भने ज्ञान र सत्ताको सम्बन्ध अत्यन्त निकट हुन्छ भन्ने विषयमा केन्द्रित छन् । शक्तिसम्बन्धको विषय सांस्कृतिक र राजनीतिक रूपमा सत्तासँग सम्बन्धित सामाजिक सम्बन्धलाई प्रस्तुत गर्ने विषय रहेकाले समाजका महिला, जाति, जनजाति, राष्ट्रियता जस्ता क्षेत्रमा केन्द्रित गर्दै सत्ताको निर्मितिसँग जोडिन्छ (भट्टराई, २०६८, पृ.३३८-३३९) । समाजमा विद्यमान बहुल विशेषतालाई एकात्मक निर्मितिका रूपमा पहिचान दिने सांस्कृतिक भाष्य विरोधी मान्यताका रूपमा सबैको समान कार्य, भूमिका, पहिचान र निर्णयक तहमा प्रतिनिधित्व हुनुपर्ने आजाव नै नारीवादले अध्ययन गर्ने शक्तिसम्बन्धको विषय हो । पारिजातका कवितामा शक्तिसम्बन्धका आधारमा वर्गीय र नारी अपरिचयीकरण विरोधी कथ्य विषयको

अभिव्यञ्जना भएको छ । पारिजातका कवितामा अभिव्यक्त शक्तिसम्बन्धको विषयको विश्लेषण तलको उपशीर्षकमा भएको छ ।

### ३.३ पारिजातका कवितामा लैङ्गिक शक्तिसम्बन्ध

पारिजातका कवितामा सहभागी पात्रहरूको सम्बन्धलाई हेर्दा अधिकतम कवितामा शासकशासित शक्तिसम्बन्ध केन्द्रित रहेको छ । कवितामा पुरुष शासकको रूपमा सत्तामा रहेको र महिला शासित भई किनारामा रहेको अवस्था अभिव्यञ्जित भएको छ । कवितामा जैविक संरचनालाई संस्कृतीकरण गरी पुरुषलाई शासक र नारीलाई शासितका रूपमा चित्रण गरिएको छ । उनका कवितामा नारीपुरुषको शत्तिसम्बन्धलाई यसरी देखाइएको छ :

म बगाउँछु पसिना
ए पिलन्धरे स्वास्नी मानिस
झोल्लिएको दुई स्तनयुक्त
बाह्र करङको कङ्कालसिवाय
आखिर छौ नै तिमी के ?
कहाँ पायौ रगत तिमीले
रचना गर्न यो बालक ?
(पारिजात, २०७३, *आमा,* **पारिजातका सङ्कलित रचनाहरू**, पृष्ठ १७६)

पितृसत्तात्मक नेपाली समाजमा सत्ताको केन्द्रमा पुरुष रहने र नारीलाई अधीनमा राख्ने संस्कृतिका कारण पुरुष शासक भएर नारीमाथि हैकम जमाएको विषयलाई कवितांशले सङ्केत गरेको छ । पुरुष वर्चस्वका कारण आइमाइलाई संबोधन गर्ने भाषा, शैली, शब्द चयन पनि अपमान बोध गराउने किसिमको रहेको छ । सामाजिक ,सांस्कृतिक भाषिक सबै क्षेत्रमा पुरूषद्वारा महिला नियन्त्रित भएका छन् । सामाजिक व्यवस्थाका कारण सशक्त भएर उभिएको पितृसत्ताले महिलालाई शक्तिका आडमा कसरी शोषण गर्दछ भन्ने विषय उपर्युक्त काव्यांशमा अभिव्यञ्जित भएको छ । किनारामा रहेको पत्नी रूपलाई पहिचान र अस्तित्वका आधारमा निरीह तुल्याइएको विषय प्रस्तुत भएको छ । यहाँ नारीलाई झोल्लिने, पिलन्धरे, कङ्काल आदि अपमानजनित शब्दको प्रयोग गरी संबोधन गरिएको छ । पुरूषले नारीलाई जे बोल्न पनि समाजले छुट दिएको तर सत्ता बाहिर गएका नारीलाई त्यो छुट नरहेको

उनीहरूलाई अन्यायका विरुद्ध आवाज उठाउँदा पनि छाडा, अटेरीजस्ता शब्दको प्रयोग गरी तिनका मनोबल कमजोर पार्ने काम गरिन्छ । असन्तुलित शक्तिसम्बन्धका कारण नारीको अस्तित्वविहीन अवस्थालाई कवितांशमा यसरी प्रस्तुत गरिएको छ :

यो कुपोषित शिशु
छोरो हो मेरो
बलात्कारको परिणाम
आज्ञात छ उसको बाबु
मेरा निम्ति पनि ।
(पारिजात, २०७३ *आमा,* **पारिजातका सङ्कलित रचनाहरू**, पृष्ठ १७६)

प्रस्तुत कवितांशमा सत्तासीन पुरूषले किनारामा रहेका नारीलाई शक्ति,उन्मादका कारण हत्या-हिंसा, बलात्कार गर्नु असमान शक्तिसम्बन्धको उपज हो भन्ने यथार्थ प्रस्तुत भएको छ । सत्तासीन पुरूषले महिलाको यौनिक शक्तिमाथि असमान सम्बन्ध देखाउँदा धेरै बालबच्चाले पिता वा बाबू चिन्न नसकेको यथार्थ अभिव्यञ्जित भएको छ । पुरूषलाई शक्तिशाली, स्वतन्त्र, निर्णायक व्यक्तिका रूपमा उभ्याएर नारीलाई सापेक्षित रूपमा पुरूष भन्दा तल्लो दर्जामा राखेर घृणित मानवका रूपमा चित्रण गरिएको विषय कवितांशमा प्रस्तुत भएको छ । नारीलाई वासना पूर्तिको साधन बनाउने तर त्यसको परिणाम वा प्रतिफलको वास्ता नगर्ने स्वार्थी प्रवृतिका कारण नारीहरू असन्तुलित सत्तासम्बन्धका सिकार हुन बाध्य छन् । यसरी जन्मिएका शिशुको अवस्था पनि कमजोर हुने जिम्मेवारीमा प्रश्न चिन्ह खडा हुने यथार्थ कवितामा प्रस्तुत भएको छ । शासक र शाषित अवस्थाको शक्तिसम्बन्ध कवितांशमा यसरी प्रस्तुत भएको छ :

आइमाईको जातलाई खै र सुख मेरी आमा ?
भोक लाग्यो खाउँ खाउँ नभन्नु रे
सहनु रे ,पर्खिनु रे
सङ्गीनी खेल्दा यसै भन्थे दिदैहरू ।
कति ढिलो गरी भोज खाएका यी जन्तीहरूले
फेरि यिनीहरू छिल्लिएका कति नि
बोल्न हुने नहुने सबै बोल्छन्

म एउटी आइमाईको इज्जत राखिदिदैनन्
त्यसै र त हेप्दा रहेछन् विष्टहरूले
हे दैव परायको घरमा बस्ने कसरी ?
मेरी आमा मुटुमा एक जना राखेर
अर्कोसँग जुनी बिताउँ कसरी ?
सपनीमा एक जना आउँछ
बिपनीमा अर्कोलाई बोलाउँ कसरी ?
(पारिजात, २०७३, *आमा,* **पारिजातका सङ्कलित रचनाहरू**, पृ. १७६)

उपर्युक्त कवितांशमा असमान शक्ति सन्तुलनका कारण नारीले नारी हुनुकै कारण उत्पीडन भोगेर बाँच्नु परेको यथार्थ प्रस्तुत भएको छ । यसमा परम्परित पितृसत्तात्मक नेपाली समाजमा नारीहरूको भूमिका र स्थान कस्तो हुन्थ्यो भन्ने पक्ष उद्घाटन भएको छ । नारीका अनुभूति र तिनका सोचलाई सत्तासीन पुरुषले सदैव अपमान, शोषण, दमन र हिंसा गर्ने सामाजिक संरचनाको अभ्यासलाई कवितांशमा प्रष्ट पारिएको छ । कवितामा नेपाली समाजमा लिङ्गका आधारमा भालेपोथी संस्कृतिका सम्बन्धमा शक्तिसम्पन्न भई सत्तामा रहेको पुरुषले नारीलाई अधीनमा राख्ने परम्पराको उद्घाटन भएको छ । पुरुष शासन सत्तामा रहने हुनाले पति रूपका आर्जित सम्पत्तिका रूपमा भित्रिएका पत्नीहरूले पति रूपले जे गरेपनि सहेर बस्नुपर्ने, सामाजिक, सांस्कृतिक भाष्य निर्माण भएको छ । यो अवस्थामा परम्परित समाज व्यवस्थामा अन्तर्निहित रहेको लैङ्गिक विभेदको विषयलाई संगिनी खेल्दा पनि नारी भनेको पतिलाई रिझाउने जात हो भन्दै नारीद्वारा नारी नै उत्पीडित हुने भाष्यको निर्माण पितृसत्तामा हुने विषय उल्लेख भएको छ ।.सत्तामा बस्ने पुरूषले गरेको दुर्ववहारलाई सहनु र पर्खनु नै नारीको कर्तव्य हो भन्ने भाष्य पितृसत्ताले निर्माण गरेको हुनाले यसको विरोधमा नारीवाद नारी पक्षीय चिन्तनका रूपमा विकसित भएको हो । नारीवादमा असन्तुलित शक्तिसम्बन्धले निम्त्याएको लैङ्गिक भेदका विरुद्ध लैङ्गिक समता र समानताका पक्षमा विमर्श गर्दछ ।

सत्तामा बस्ने पुरूषले गरेको दुर्व्यवहारलाई सहनु र पर्खनु नै नारीको कर्तव्य हो भन्ने भाष्य पितृसत्ताले निर्माण गरेको छ । नारीवादी शक्तिसम्बन्धले असन्तुलित शक्तिसम्बन्धलाई लैङ्गिक समता र समानताका आधारमा विमर्श गर्दा केन्द्रमा रहेको

शक्तिले किनारामा रहेको शक्तिलाई कसरी अधीनस्थ गरेको छ त्यसको पनि अध्ययन गर्दछ। पितृसत्तात्मक सामन्तवादी समाजमा सत्तासम्बन्धको विमर्श गर्दा पर्युक्त भाषिक व्यवहारलाई पनि हेरिन्छ । पुरुषलाई जे बोल्न पनि छुट दिने समाजले नारीलाई अपमानित व्यवहार गरेको, अश्लील शब्द प्रयोग गरेको, नारी अस्मिता र अस्तित्वको ख्याल नगरे पनि मौन बस्ने प्रवृतिले नारीलाई किनारामा र पुरुषलाई सत्ता र शक्तिमा राख्ने प्रवृति मुखरित भएको हो । यसरी कवितामा सत्ताको शक्तिभन्दा टाढा रहेका नारीलाई अन्याय, अत्याचार, हिंसा, दमन भोग्न बाध्य बनाइने विषयले नारीवादी चिन्तन अभिव्यञ्जित भएको छ । यस्तो अवस्थामा अपमानित, तिरष्कृत अवस्थामा कसरी अरूको घरमा बस्ने भनी शक्तिसम्बन्धका कारण नारीले पीडा बोध गरेको विषय अभिव्यक्त भएको छ । असमान शक्तिसम्बन्धका कारण पितृसत्ताले महिलालाई सधैं नियन्त्रणमा राख्ने,उनीहरूको अस्तित्व र पहिचानलाई किनारामा पुऱ्याउने विषय कवितांशमा यसरी प्रस्तुत भएको छ :

मेरी साथी ऊ भन्थी
कि उसले एउटा ठुलो जात र ठुलो हैसियतको तन्नेरीसँग
प्रेम गरेकी थिई ,
प्रेमको प्रतिपादन स्वरूप ठालुहरूले उसलाई
कपाल खौरेर गाउँ घुमाइदिएका थिए ।
उसको कातर प्रेमी आमाको काखभित्र लुक्न गएको थियो ।
ऊ प्रेमको आवाज बोकेर गाउँ डुली ।
बदलामा उसको सर्वस्व खोसियो ।
गाउँका जाली फटाहाहरूले उसको शरीरलाई
सिङ्गै लुटे र उसलाई यो वेश्या हो भनिदिए ,
मेरी साथी ऊ आज बहुलाही भएकी छे
उसका जाली परेका आँखाहरूमा तिमी
स्वास्नीमान्छेहरूका विवश कथा पढ्न सक्छ्यौ
(पारिजात, २०७३, प्रेम कथा, **पारिजातका सङ्कलित रचनाहरू**, पृ. १४०)

उपर्युक्त कवितांशमा एउटी नारीले आफूभन्दा माथिको जात र हैसियतको पुरुषसँग प्रेम गर्दा उसको प्रेमीलाई सामन्तवादी समाजले सस्कारका नाममा टाउको खौरेर सहर

घुमाइदियो, बिछोड गराइदियो । नेपाली समाजमा सामन्तवादी पितृसत्ताका कारण नारीलाई शक्तिहीन ,अस्तित्वहीन आवाजहीन बनाई किनारामा पुऱ्याएको अवस्थालाई यस कवितांशले बोध गराएको छ । एउटी नारीले ठूलो जातको र ठालु व्यक्तिसङ्ग प्रेमसम्बन्धनमा गाँसिदा सर्वस्व गुमाउनु परेको छ । शक्तिसम्पन्न गाउँका जाली फटाहा पुरुषले उसको इज्जत लुटेर बेश्याको पहिचान निर्माण गरि किनारामा पुऱ्याएका छन् । ऊ यस्तो अवस्थामा मानसिक पीडाका कारण बिरामी परेकी छ, उसको मानसिक सन्तुलन बिग्रेको छ, ऊ शोषित पीडित नारीकी प्रतिनिधि पात्र बनेकी छ, सत्तासम्बन्धका आधारमा किनारीकृत नारीकी प्रतिनिधि बनेकी छ । आवजविहीन नारी प्रेमको आवजसहित गाउँ डुल्दा सत्तासीन सामन्तीहरूले उसको सर्वस्व हरण गरी उसको अस्तित्व लुटे, शरीर उपभोग गरे र बेश्याको उपमासहित बाँच्दा ऊ पागल भएर मानसिक अभिघात भोग्न बाध्य भई । यसरी सामन्तवादी समाजले अन्यायमा परेर न्यायको खोजीमा हिडेकी नारीलाई वस्तुको रूपमा उपभोग गर्दा सहज रूपमा खुलेर बाच्न नसकेको, मानसिक अभिघातमा परेको र उत्पीडनको सिकार भएको यथार्थ अभिव्यञ्जित भएको छ ।

> पुर्पुरोमा यस्तै रहेछ मालिक
> सबै जुठी कान्छी भन्छन्
> हाम्लाई यस्तो माया पिरती क्यै थाहा छैन हजुर
> आइमाईको जातले छोराछोरी पाउनु
> कुन महाभारत भयो त !
> (पारिजात, २०७३, *बलात्कृतको बयान,* **पारिजातका सङ्कलित रचनाहरू**, पृ.१५८)

पारिजातका कवितामा शक्तिसम्बन्धको विश्लेषण गर्दा शासकशासित शक्तिसम्बन्ध रहेको छ । उपर्युक्त कवितांशमा पुरुष उच्च वर्गीय मालिक बनी शासकको रूपमा सत्तामा रहेको छ भने महिला शासित भइ किनारामा रहेकी छ । यस कवितांशमा प्रयुक्त भाषाका माध्यमबाट पनि असमान शक्ति सम्बन्धलाई बोध गर्न सकिन्छ । निम्न वर्गीय नारी पात्रलाई कवितामा जुठीकान्छी नामले सम्बोधन भएको छ । त्यसैगरी सन्तान उत्पादन गर्ने कार्यमा महिलाको पाठेघरलाई मेसिनका रूपमा प्रयोग गर्ने र उसको शरीरलाई उपभोग्य वस्तुका रूपमा प्रयोग गर्ने परम्पराको कवितांशमा विमर्श भएको छ । आइमाईको काम भनेको मात्र

सन्तान जन्माउनु हो । उनीहरूका लागि सन्तान जन्माउनु कुनै ठूलो कुरा होइन भन्ने भाग्यवादी चिन्तनलाई प्रस्तुत गरिएको यस कवितांशमा नारीहरूले खुसी ,सुख ,माया पिरतिका बारेमा कहिल्यै केही थाहा पाउन नसकेको सधैं बलात्कृत भएर सन्तान उत्पादन गर्ने काममा उपयोग भएको भाव अभिव्यञ्जित भएको छ । नारी भनेका सधैं सहने, दबिने, हेपिने भुइँमान्छे हुन् र उनीहरू पुरुषका इसारामा गोटी बनेर नाच्छन् र अधिकारविहीन अवस्थामा किनारामा रहन्छन् भन्ने भाव कवितांशमा यसरी प्रस्तुत भएको छ :

जङ्गली फूलहरू फुलेको भिरालोमा
पैतालाको काँडा झिक्दैथें हजुर !
बाघ चितुवाको शिकार
खेले जस्तो त होइन
मान्छेहरू जस्तै
मान्छेहरूले जस्तै
सुसेल्दै गीत भन्दै
छिल्लिदै र जिस्किँदै
वनपाले र उनका मतियारहरूले
मेरो ज्यानसँग
जथाभावी गरे
मेरो इज्जत सबै लुटे
मलाई रक्ताम्मे पारे
काल नआएकी म
मर्न सकिन हजुर ।

(पारिजात २०७३ ,*बलात्कृतको बयान,* **पारिजातका सङ्कलित रचनाहरू**, पृष्ठ १५६)

पितृसत्तात्मक सामन्तवादी समाजमा सत्तासम्बन्धको विमर्श गर्दा प्रयुक्त भाषिक व्यवहारलाई पनि हेरिन्छ । पुरुषलाई जे बोल्न पनि छुट दिने समाजले नारीलाई अपमानित व्यवहार गरेको, अश्लील शब्द प्रयोग गरेको, नारी अस्मिता र अस्तित्वको ख्याल नगरे पनि समाज मौन बस्ने प्रवृतिले नारीलाई किनारामा र पुरुषलाई सत्ता र शक्तिमा राख्ने प्रवृति मुखरित भएको छ । यसरी सत्ताको शक्तिभन्दा टाढा रहेका नारीलाई अन्याय अत्याचार,

हिंसा, दमन भोग्न बाध्य बनाउने विषयले नारीवादी चिन्तन अभिव्यञ्जित भएको छ । यस्तो अवस्थामा अपमानित, तिरष्कृत अवस्थामा कसरी अरुको घरमा बस्ने भनी शक्तिसम्बन्धका कारण नारीले पीडा बोध गरेको विषय कवितामा अभिव्यक्त भएको छ ।

मालिक हजुर ! कसैको जुठो खाएर हुर्केकी होइन
म त आएको तीन दिनमै
मुखेनीले न्वारन गरिदिदै
जुठी ,जेठीमाथि सौता हुन्
जुठे दमैसित पोइल आएकी
म जुठी कान्छी
पुर्पुरोमा यस्तै रहेछ मालिक
सबै जुठीकान्छी  भन्छन्
हाम्लाई यस्तो मायापिरती क्यै थाहा छैन हजुर
आइमाईको जातले छोराछोरी पाउनु
कुन महाभारत भयो त !
(पारिजात, २०७३, *जुठी दमिनीको अभिव्यक्ति,* **पारिजातका सङ्कलित रचनाहरू**, पृष्ठ १५७ -१५८ )

प्रस्तुत कवितांशमा लिङ्गीय, जातीय, वर्गीय दृष्टिले किनारामा पुऱ्याइएका नारीहरू दोहोरो तेहोरो उत्पीडनमा परेको यथार्थ अभिव्यञ्जित भएको छ । सत्तासीन पति वा पिता रूपले नारीलाई बाघले सिकार गरेजस्तो तिनका शरीरमाथि आक्रमण गरी उपभोग गरेको र अस्तित्वविहीन बनाएर किनारामा पुऱ्याएको भावानुभूति भएको छ ।कविताम्शमा सत्तासीन शक्तिले नारीको शरीरलाई वस्तुको रूपमा उपभोग गरि इज्जत लुटेर मरणासन्न अवस्थामा पुऱ्याएको घटनाले असमान शक्तिसम्बन्धलाई बोध गराएको छ । परम्परित सामाजिक सास्कृतिक कुसंस्कार र अन्धविश्वासका कारण नारीको पशुभन्दा पनि अपमानित भएर बाच्न बाध्य भएको विष्य कवितांशमा यसरी आएको छ :

तिमीलाई स्वास्नी मान्छेले कलङ्कको टीका लगाइदियो ?
तिमीलाई स्वास्नी मान्छेले कतै बेच्यो ?
तिमी निरुत्तर छौ यस प्रश्नको अघि

आजको सत्ता रूढ तिमी
शताब्दी शताब्दी अघि
झगडालु ,इर्ष्यालु ,वन मानुस तिमीलाई
माया र सहअस्तित्वको अँगालोमा बाँधी
आफ्नो ओढारको छानोमुनि भित्र्याएकी थिएँ ।
दाइजोको लाभा लस्कर संगै घुम्टोभित्र लुकाई
पशुलाई जस्तै रुवाउँदै भित्रयाउने गर्छौ,
त्यसैले तिमी यति विमुख न हौ ।

( पारिजात, २०७३, *मानुषी,* **पारिजातका सङ्कलित रचनाहरू**, पृष्ठ १२८ )

शक्तिसम्पन्न पुरूषले परम्परित विभेदित शक्ति सम्बन्धका आधारमा महिलालाई एउटा वस्तु वा फलको रूपमा उपभोग गर्नु असमान शक्तिसम्बन्धको परिणाम भएको तथ्यलाई पुष्टि गरेको छ । नारी पुरूषको असमान शक्ति सम्बन्ध काव्यांशमा यसरी प्रस्तुत भएको छ । पुरूष वर्चस्वका कारण स्वास्नी मान्छे कलङ्कित भएर बाँच्नु परेको, बेचिएर ,हेपिएर, बलत्कृत भएर रहनुपरेको यथार्थलाई यस कवितांशले पुष्टि गरेको छ । सत्तामा बसेर सत्ताउन्मादमा रमाई नारीलाई अधीनस्थ पार्ने पुरुष स्वास्नीमान्छेका जिज्ञासामा निरुत्तर रहेका छन् । हिंश्रक वनमानुषका रूपमा रहेको पुरुषलाई मानुषीले नै माया र सहअस्तित्वको अँगालोमा बाँधेर ओढारमा व्यवस्थित गरेको तर त्यस गुनको बदलामा पुरुष शक्ति र सत्ताका कारण बिमुख भएको यथार्थ अभिव्यञ्जित भएको छ । नारीको उत्पादनमुखी कार्य र क्रियाकलापको मूल्याङ्कन नहुने र नारी सम्वेदनालाई कलङ्कका रूपमा विमर्श गरेको हुनाले सत्तासीन पुरुषलाई यति विमुख नहुन सहअस्तित्व र सहभावमा गतिशील हुनुपर्ने भावना कवितांशमा आएको छ । पुरुषमा परनिर्भर बनेको नारी अस्तित्व र अनुभूतिमाथि समेत नियन्त्रण गर्ने पुरुषकेन्द्रित विचारधाराका कारण नारीहरू पुरुषलाई माया र ममताको अङ्गालोमा बेर्ने वस्तुजस्तै दाइजोको लावालस्करसँग भित्रिने, अनुहार देखाउन नहुने सधै लाजको घुम्टोमा बेरिएर रहने पशुसमान अरुको घरमा भित्रिने निरीह प्राणी हुन् भन्ने यथार्थलाई कवितांशले पुष्टि गरेको छ । पुरुषमा परनिर्भर नारी अस्तित्व र अनुभूतिमाथि नियन्त्रण गर्ने पुरुषकेन्द्रित विचारधाराका कारण नारी सन्तान जन्माउने मेसिनसरह रहने ,तिनलाई हुर्काउने, पुरुषका इसारामा काम गर्ने, घरपरिवारको सेविका बनेर काम गर्ने, पुरुष मालिक बनेर रहने र नारीले दास बनेर काम गर्ने व्यवहार र

अनुभूतिले असमान शक्तिसम्बन्धलाई भाग्यवादी दर्शनका माध्यमबाट कविताांशमा यसरी प्रस्तुत भएको छ :

यस चौतारीको आदि भाग सधैं खाली छ
अतीतमा र वर्तमानमा पनि
तर दया नगर मलाई
म एक्लै सुतेकी छैन,
मसँग अटेसमटेस अस्वस्थ विचार सुत्छन् ,
एउटा पर्खाइ सुत्दछ ,
फुत्कन खोज्छ
कहिलेकाहीँ क्लब घरका झ्यालबाट
जीवनका नसा नौलो धुन साथ लिएर
तर यस नसाको पनि भाग्ने ठाउँ छैन ।
जस्तो मेरो अरू कुनै समाधान छैन,
यसैले हामी एकअर्कामा समाविष्ट भएर पनि हुनसकेनौं ।

(पारिजात, २०७३, *अभाव ग्रस्त चौतारी,* **पारिजातका सङ्कलित रचनाहरू**, पृ. ९७)

## ३.४ निष्कर्ष

पारिजातका कवितालाई शक्तिसम्बन्धका आधारमा विश्लेषण गर्दा पुरुष शक्तिकेन्द्रमा रहने समाज व्यवस्थाका कारण नारी अधिकारविहीन, अस्तित्वविहीन र पहिचानविहीन भएर बाँच्न बाध्य पारिएको छ । पातिजातका शक्तिसम्बन्ध सबल र सशक्त भएर आएका कविताहरूमा गढतिरको ढुङ्गामा, आमाको सम्झना, आमा, रातो गुलाफ, बलात्कृतको बयान, प्रेम कथा, मानुषी आदि रहेका छन् । यी कवितामा उपस्थित पुरुष पात्रले नारीका उत्पादन, प्रजनन, यौनिक, सामाजिक, सांस्कृतिक, आर्थिक क्षेत्रमासमेत नियन्त्रण गर्दा हिंसात्मक प्रवृतिलाई समेत आत्मसातीकरण गरेको भावअभिव्यक्त भएको छ । पारिजातका कवितालाई शक्तिसम्बन्धका आधारमा अध्ययन तथा विश्लेषण गर्दा पुरुषलाई शक्तिशाली, स्वतन्त्र, निर्णायक व्यक्तिका रूपमा उभ्याएर नारीलाई दोस्रो दर्जाको कमजोर नागरिकका रूपमा चित्रण भएको छ । सामाजिक तथा सांस्कृतिक व्यवस्थाका कारण कवितामा नारीपुरुषको विभेदका कारकका रूपमा पितृसत्ता रहेको भावाभिव्यञ्जित भएको छ ।

## चौथो परिच्छेद

# पारिजातका कवितामा नारी उत्पीडन

### ४.१ विषयप्रवेश

पारिजातका कवितामा नेपाली समाजमा विद्यमान संस्कृति तथा नारी अपरिचयीकरणसम्बन्धी भाष्यका कारण उत्पीडनमा परेका नारी जीवनको चित्रण भएको छ । पारिजातका कवितामा प्रस्तुत नारी उत्पीडनको विषय सामाजिक, सांस्कृतिक, राजनीतिक र यौनिक पक्षसँग सम्बन्धित रहेका छन् । समाजमा पुरुषसरह सङ्ख्यात्मक उपस्थिति भए पनि पितृसत्ताको विभेदकारी ज्ञानका कारण परिचान विहीन बनेका नारीका साथै आर्थिक रूपमा कमजोर नारीमाथि हुने शारीरिक, मानसिक र जैविकीय हिंसाजनित उत्पीडनको चित्रण पाइने पारिजातका कवितामा नारीलाई वस्तुका रूपमा उपभोग गर्ने सांस्कृतिक भाष्यका कारण सृजित प्रतिकूलता तथा त्यसको व्यङ्ग्यात्मक प्रतिरोध भएको छ । पारिजातका कवितामा चित्रण भएका नारी सामन्तवादी संस्कृति र पुरुषबाट उत्पीडित रहेका छन् । यिनका कवितामा प्रस्तुत नारी उत्पीडनसम्बन्धी काव्यिक अंशको विश्लेषण तलका सन्दर्भमा भएको छ ।

### ४.२ नारी उत्पीडनको सैद्धान्तिक आधार

उत्पीडन भाषिक, सांस्कृतिक, सामाजिक र राजनीतिक रूपमा केन्द्रमा रहेको समूहले किनाराका समूहमाथि गरिने नियोजित विभेदको प्रक्रिया हो । नारीवादले नारीमाथि गरिने हरेक प्रकारका हिंसा र निरुत्साहनका विषयलाई नारी उत्पीडनका रूपमा परिभाषित गरेको छ । नारीले बालक कालमा पिता, युवावस्थामा पति वा दाजुभाइ तथा बृद्धावस्थामा सन्तान वा आफन्तको आश्रयमा बस्नुपर्ने तथा तिनकै अधीनस्थतामा रहनुपर्ने पितृसत्ताको विचारधारामा नारी लगायत अन्य लिङ्गी निर्मितिको उत्पादन, श्रमशक्ति, गतिशीलता, यौनिकता, प्रजनन, सम्पत्ति तथा स्रोतमा पुरुष नियन्त्रणका कारण उत्पीडनको सिर्जना भएको हो (पाण्डे, २०६९, पृ.२२२) । नारीवादले सामाजिक र सांस्कृतिक रूपमा नारीमाथि नियन्त्रण गर्ने र गर्नका लागि बनाइएका सबै प्रकारका विभेदकारी पद्धतिलाई उत्पीडनका रूपमा अघिसारेको छ । सामाजिक संरचनामा रहेका जाति, वर्ग, लिङ्ग, धर्म, संस्कृति, रङ, भूगोल, भौतिक, मानसिक, फरक क्षमता, अपाङ्गताजस्ता पहिचानलाई किनारीकृत गरी यस

प्रकारका समूहमाथि गरिने पक्षपातपूर्ण व्यवहार नै समाजिक उत्पीडनका कारक हुन् (मेरी, सन् २००७, पृ. ९१) ।

परम्परित पितृसत्तात्मक समाज व्यवस्थाका कारण नेपाली समाजमा पुरुषको तुलनामा महिला उत्पीडनमा परेका देखिन्छन् । हिंसा नै लैङ्गिक उत्पीडनका प्रमुख स्रोत हो । नारीवाद नारीपक्षीय अध्ययन हुनाले यसले नारी उत्पीडनलाई मुख्य विषय बनाउने गर्छ । नारी उत्पीडन पुरुषवाचक र महिलावाचक द्विचरक्रमका आधारमा निर्माण भएको सोपानक्रम नै उत्पीडन र विभेद सिर्जना गर्ने कारक हो भने यसलाई सङ्केत गर्ने प्रतीकात्मक प्रणाली र अर्थबोधको ज्ञानले यसलाई संस्कृतीकरण गर्नका लागि सहजीकरण गरेका छन् (टङ, सन् १९८९, पृ. २) । पुरुषप्रधान समाजमा यसै पनि महिलाहरू पुरुषबाट हेपिएका अनि दबिएका हुन्छन् । महिलाहरू स्वयम् पनि वर्षौंदेखि पितृसत्तात्मक सोंचद्वारा ग्रसित छन् । व्यक्तिको शरीरलाई सांस्कृतिक भाष्यका नाममा नियन्त्रण गरी पुरुषको मनोविज्ञानका आधारमा सञ्चालित हुनु तथा शक्तिसम्बन्धमा एकत्ववादी विषयको उपस्थापन गरिएका कारण नारी उत्पीडनले सांस्कृतिक स्वरूप प्राप्त गरेको हो (बटलर, सन् १९९०, पृ. ६) । यिनै कारणले गर्दा एउटा पुरुषद्वारा अनि अर्को स्वयम् नारीद्वारा नारीमाथि उत्पीडन भएको पाइन्छ । यसरी समाजमा नारीमाथि दोहोरो उत्पीडन भएको देखिन्छ । नारीवादी अवधारणा अनुसार लैङ्गिक उत्पीडनलाई जैविकीय उत्पीडन, सामाजिक सांस्कृतिक उत्पीडन र यौनिक उत्पीडन गरी तीन प्रकारमा वर्गीकरण गरिएको छ (पन्त, २०७८, पृ.२९-३६) । नारीवादमा नारी उत्पीडनको विषय प्रमुख राजनीतिक र सांस्कृतिक मुद्धाका रूपमा स्थापित रहेको छ । पारिजातका कवितामा एकात्मक पितृसत्तात्मक विचारधाराका कारण उत्पीडनमा परेका नारी र तिनका जीवनसम्बन्धी विशिष्ट सन्दर्भको अभिव्यञ्जना भएको छ । पारिजातका कवितामा चित्रण भएका नारी उत्पीडनसम्बन्धी विषयको विश्लेषण तलको उपशीर्षकमा भएको छ ।

## ४.३ पारिजातका कवितामा नारीउत्पीडन

पारिजातका कवितामा सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक अपरिचयीकरणको मारमा परेका नारीको जीवन्त जीवनको अभिव्यक्ति भएको छ । पारिजातका कवितामा आर्थिक, सांस्कृतिक र जैविकीय उत्पीडनका कारण वञ्चितीकरणमा परेका नारी र तिनको दयनीय अवस्थाको चित्रण भएको छ । जैविक र यौनिक रूपमा

उत्पीडनमा परेका नारी र तिनको अपरिचयीकरणको अवस्था ‘आमा’ कविताका निम्नलिखित सन्दर्भमा भएको छ :

यो कुपोषित शिशु
छोरो हो मेरो
बलात्कारको परिणाम
अज्ञात छ उसको बाबु
मेरा निम्ति पनि ।

(पारिजात, २०७३, *आमा*, **पारिजातका सङ्कलित रचनाहरू**, पृ. १७६)

पारिजातका कवितामा सामाजिक, सांस्कृतिक, जैविक र यौनिक उत्पीडन अभिव्यञ्जित भएको छ । उनका धरैजसो कविताका नारी पात्रहरू यौनिक उत्पीडनले ग्रसित छन् भने कतिपय कवितामा सामाजिक तथा सांस्कृतिक उत्पीडन पनि रहेको छन् । उपर्युक्त कवितांशमा यौनिक हिंसा (बलत्कार) बाट जन्मेका बच्चालाई पोषिलो खाद्य पदार्थको अभावमा कुपोषण भएको र धेरैजनाबाट बलात्कृत आमाले त्यसको बाबू पहिचान गर्न नसकेको यथार्थ अभिव्यञ्जित भएको छ । यसरी पुरुषका वासना पूर्तिका साधनका रूपमा महिला बस्तुकरण भै उपयोग हुने र धेरै पुरुषका वासनापूर्तिका साधन बन्दा बलात्कृत पुरुष किटान गर्न नसकी पीडा भोगेर बाँच्न बाध्य भएको यथार्थले नारी उत्पीडनको बोध गराएको छ । पूर्वीय परम्परा र हिन्दू धर्म अनुसार नारीलाई हेर्ने हो भने पनि प्रकृतिका रूपमा नारीलाई र पुरुषका रूपमा पिता वा पतिलाई लिएर तिनको सम्बन्धका बारेमा विमर्श भएको छ । यसर्थ प्रकृतिको स्वत्व पुरुषमाथि भएझैं नारीको अस्तित्व पनि पुरुषमा केन्द्रित रहेकाले सामाजिक तथा सांस्कृतिक उत्पादनका रूपमा परापूर्व कालदेखि नारीमाथि लैङ्गिक उत्पीडन कायम रहेको विषय विमर्श भएको छ । एकातिर बलात्कृत नारीले बलात्कारीलाई किटान गर्न सकेकी छैन भने अर्कोतिर कुपोषित बच्चाको जिम्मेवारी एक्लै लिनु परेको छ । यो अवस्थामा उसले यौनिक हिंसाका कारण उत्पीडन झेल्न बाध्य भएकी छ । सामन्तवादी समाजव्यवस्थामा नारीहरू सामाजिक तथा सांस्कृतिक उत्पीडन भोग्न कसरी बाध्य हुन्छन् भन्ने विषयलाई यसरी प्रस्तुत गरिएको छ :

आइमाईको जातलाई खै र सुख मेरी आमा ?
भोक लाग्यो खाउँ खाउँ नभन्नु रे

सहनु रे ,पर्खिनु रे
सङ्गीनी खेल्दा यसै भन्थे दिदैहरू ।
कति ढिलो गरी भोज खाएका यी जन्तीहरूले
फेरि यिनीहरू छिल्लिएका कति नि
बोल्न हुने नहुने सबै बोल्छन्
म एउटी आइमाईको इज्जत राखिदिदैनन्
त्यसैले त हेप्दा रहेछन् विष्टहरूले
हे दैव परायको घरमा बस्ने कसरी ?
मेरी आमा मुटुमा एक जना राखेर
अर्कोसंग जुनी बिताउँ कसरी ?
सपनीमा एक जना आउँछ
बिपनीमा अर्कोलाई बोलाउँ कसरी ?
(पारिजात, २०७३, *आमा,* **पारिजातका सङ्कलित रचनाहरू**, पृ. १७६)

उपर्युक्त कवितांशमा नारीले नारी हुनुकै कारण उत्पीडन भोगेर बाँच्न परेको यथार्थलाई प्रस्तुत उद्धरणमा परम्परित पितृसत्तात्मक नेपाली समाजमा नारीहरूको भूमिका स्थान कस्तो हुन्थ्यो भन्ने पक्ष उद्घाटन भएको छ । यसमा नारीका अनुभव, अनुभूति र तिनका सोचलाई सत्तासीन पुरुषले सदैव अपमान, शोषण, दमन र हिंसा गर्ने सामाजिक संरचनाको अभ्यासलाई प्रष्ट पारिएको छ । सामन्तवादी पितृसत्तात्मक समाज व्यवस्थामा नारीले पतिको नामसमेत उच्चारण गर्न नहुने ,पति रूपलाई देवत्वकरण गर्नुपर्ने यथार्थको उद्घाटन गरिएको छ । पत्नीले पतिलाई सधैं माया गर्नुपर्ने, भनेको मान्नुपर्ने, उसका लातबात सबैलाई निरीह बनेर सहनुपर्ने भाष्यले लैङ्गिक दासत्व अभिव्यञ्जित भएको छ । कवितामा नेपाली समाजमा लिङ्गका आधारमा भालेपोथी संस्कृतिका सम्बन्धमा शक्तिसम्पन्न भई सत्तामा रहेको पुरुषले नारीलाई अधीनमा राख्ने परम्पराको उद्घाटन भएको छ । पुरुष शासन सत्तामा रहने हुनाले पति रूपले आर्जित सम्पत्तिका रूपमा ग्रहण गरेका पत्नीहरूले पतिले जे गरेपनि सहेर बस्नुपर्ने, सामाजिक सांस्कृतिक भाष्य निर्माण भएको छ । यो अवस्थामा परम्परित समाज व्यवस्थामा अन्तर्निहित रहेको लैङ्गिक विभेदको विषयलाई सङ्गिनी खेल्दा पनि पत्नीहरूले नै पत्नी वा नारी भनेका पतिलाई रिझाउने जात हुन् भन्दै नारीद्वारा नारी नै उत्पीडित हुने भाष्यको निर्माण पितृसत्तामा हुने

विषयको उठान भएको छ । परम्परित पितृसत्तात्मक शासन व्यवस्थामा पुरुष शासकका रूपमा शक्तिशाली भूमिकामा रहने र नारी मानव भएर पनि निरीह प्राणीका रूपमा शासित भइरहनुपर्ने भाष्य निर्माण हुनु पितृसत्ताको उपज हो । पुरुष सत्तामा रहने हुनाले पत्नीरूप आज्ञापालक भएर रहनुपर्ने, वस्तुसरह कठपुतली भएर नाच्नुपर्ने यथार्थको प्रस्तुतिले सामन्तवादी समाज व्यवस्थामा अन्तर्निहित नारी उत्पीडनलाई पुष्टि गरेको छ । कविले लैङ्गिक सहअस्तित्वको संस्कृतिले मात्र समाजमा लिङ्ग मैत्री परिस्थिति निर्माण हुन सक्ने यथार्थलाई निम्न लिखित कवितांशमा प्रस्तुत गरेकी छन् :

जङ्गली फुलहरू फुलेको भिरालोमा
पैतालाको काँडा झिक्दै थिएँ हजुर
बाघ चितुवाको शिकार
खेलेजस्तो होइन
मान्छेहरूजस्तै
मान्छेहरूलेजस्तै
सुसेल्दै गीत भर्दै
छिल्लिदै र जिस्किँदै
वनपाले र उनका मतियारहरूले
मेरो ज्यानसँग जथाभावी गरे
मेरो इज्जत सबै लुटे,
मलाई रक्ताम्मे पारे
काल नआएकी म
मर्न सकिन हजुर
माइती एकादेशमा
लोग्ने निमछरो
ठुला बडाको मुख हेरी
गाउँलेहरूले मलाई यहाँ ल्याइदिए हजुर ।
बाहिर मेरो रक्षे गर्ने कोही छैन ,
मलाई उ त्यो झ्यालखानाभित्र
राखिदिनुहोस् हजुर

झ्यालखानाभित्र

(पारिजात,२०७३, *बलात्कृतको बयान,* **पारिजातका सङ्कलित रचनाहरू**, पृ. १५६)

प्रस्तुत कवितांशमा नारीहरू सुरक्षित रहन नसक्ने पुरुषले हिंसात्मक दृष्टिले हेर्ने र तिनका शरीरलाई जबर्जस्ती उपभोग गर्ने यथार्थलाई कविताले उजागर गरेको छ । पितृसत्तामा पुरुष वा पतिरूप सर्वेसर्वा हुने हुनाले उसको हिंस्रक प्रवृतिले नारीलाई जुनसुकै अवस्थामा दुर्व्यवहार गर्नसक्ने यथार्थ अभिव्यञ्जित भएको छ । अवस्थालाई नारीमा उत्पन्न उत्पीडनलाई कवितामा उल्लेख गर्दै नारीहरूले भोग्नुपरेका विभिन्न किसिमका समाजिक सांस्कृतिक हिंसा र उत्पीडनका साथै यौनिक उत्पीडनलाई यसरी प्रस्तुत गरिएको छ :।

लोग्नेलाई त मैले यज्ञमा मात्रै देखेकी
टोपीमा लालुपातेको फुल घुसारेर
निधारमा तीनवटा सीतारा टाँसेर
गालामा अलि अलि लाली घसेर
आएको मेरो अध बैंसे दुल्हा
आरन जस्तै अँध्यारो र खलातीजस्तै धुस्रो थियो ।
ए हाँस्नु भएको हजुर त ।
यसको गोडा पखालेको पानी खानू
साँझबिहान यो तेरो देवता हो भनी बूढी बज्यैले भन्दा
घुम्टो भित्र म रोएकी
खै कसरी देखाउ गालामा आँसुको डोब बस्दैन हजुर
पहरामा खहरेको डोब बसेजस्तै

(पारिजात, २०७३, *एउटी स्वास्नीमान्छेको अन्तर्वार्ता,* **पारिजातका सङ्कलित रचनाहरू**, पृष्ठ १४६ - १४७ )

प्रस्तुत कवितांशमा पितृसत्तात्मक परम्परित सामन्तवादी समाज व्यवस्थामा नारीलाई जीवन साथी रोज्न, बुझ्न, छान्न अवसर प्राप्त नभएको यथार्थ प्रस्तुत भएको छ । नारीहरू लैङ्गिक समानता र समताको अवसरबाट सधैं बञ्चित हुनुपर्ने र पत्नी रूप सधैं पतिरूपको नियन्त्रणमा उत्पीडित भएर बाँच्नुपर्ने यथार्थलाई कवितांशमा प्रस्तुत भएको छ । पत्नी भैसकेपछि पनि आफ्नो पतिलाई चिन्न गाह्रो भएको र जस्तोसुकै रूपसौन्दर्य, स्वभाव

भएपनि बाआमा अथवा परिवारले चयन गरेको व्यक्तिलाई पतिका रूपमा स्वीकार्नु पर्ने बाध्यात्म्क अवस्थामा नारीहरू पतिका दास बनेर रहने यथार्थ उद्‌घाटन भएको छ । पुरुष वा पतिलाई देवताको रूप मानेर पूजा गर्नुपर्ने, गोडाको पानी खानुपर्ने सामाजिक सांस्कृतिक निर्मितिका कारण पत्नी रूप उत्पीडित, शोषित र निरीह भएर बाँच्नु परेको यथार्थ अभिव्यञ्जित भएको छ । आमा, हजुरआमाहरूले यही लैङ्गिक भेद्को संस्कृतिलाई पुस्तान्तरण गर्दा पितृसत्ता हाबी भएको यथार्थ प्रस्तुत भएको छ । पितृसत्ताले निर्माण गरेको सामाजिक सोचले लैङ्गिक भेदलाई टेबा पुऱ्याएको छ । धर्म ,संस्कार,समय, समाज आदिका आधारमा छोरा र छोरीमा भेद गर्ने र नारीले नारी हुनकै कारण समाजमा उत्पीडन भोगेर बाँच्नुपर्ने यथार्थ कवितामा अभिव्यञ्जित भएको छ । रूढिवादी सोच र परम्पराका कारण पितृसत्ताले निर्माण गरेका भाष्यले नारीले आफूले भोगेका पीडालाई समेत सार्वजनिक गर्न नसकेको यथार्थ अनुभूतिका रूपमा आएको छ । हिसांत्मक व्यवहार पितृसत्ताले निर्माण गरेको नारी नियन्त्रणको अर्को रूप हो । नारीलाई जाति, धर्म, सामाजिक सांस्कृतिक परम्परा आदिका कारण प्रचलित कुप्रथाका नाममा नारीहरू बलात्कृत भएर विवशता आँसु पिएर बाँच्नुपर्ने अनुभव र अनुभूतिलाई निम्न लिखित कविताांशमा प्रस्तुत भएको छ :

ज्यू,
काम गरेको मात्र थाहा छ ,
दुःख पाएको मात्र थाहा छ ।
फाटेको चोलो र जडाउरी गुनिउँ
लगाएको मात्र थाहा छ
जोवन सोध्नुभएको कसले ?
त्यो त हजुर आएको गएकै थाहा छैन ,
खै जान्ने सुन्नेले भनेको
मेरो जीवन त जिम्मुवालको उ त्यो
गहुँ बारीमा सप्रिसक्यो रे ।

(पारिजात, २०७३, *एउटी स्वास्नी मान्छेको अन्तर्वार्ता*, **पारिजातका सङ्कलित रचनाहरू**, पृ. १४६)

प्रस्तुत कविताांशमा सामन्तवादी समाज व्यवस्थामा महिलाले आफ्नो स्वतन्त्र निर्णय गर्न पाउने अधिकार पनि पुरुषद्वारा नियन्त्रित हुने विषय आएको छ । किनारामा रहने श्रमिक

महिलालाई श्रम गरेको मात्र थाहा हुने, दु:ख गरेको थाहा हुने, फाटेका अरुका जडाउरी लगाएको मात्र थाहा हुने तर जवानी आएगएको थाहै नहुने निरङ्कुश शासकले उसको जवानी उसले पत्तै नपाउने गरी रित्याइदिएको विषय प्रतीकात्मक रूपमा प्रस्तुत भएको छ । यस्ता भुइँ मान्छेका जीवन र जवानी मुखिया जिम्मावालले थाहै नदिइ रित्याइदिने प्रसङ्गले नारी उत्पीडन पुष्टि भएको छ :

कि उसले एउटा ठुलो जात र
ठुलो हैसियतको तन्नेरीसँग प्रेम गरेकी थिइ
प्रेमको प्रतिपादन स्वरूप ठालुहरूले उसलाई
 कपाल खौरेर गाउँ घुमाइदिएका थिए
उसको कातर प्रेमी आमाको काखभित्र लुक्न गएको थियो
उ प्रेमको आवाज बोकेर गाउँ डुली
 बदलामा उसको सर्वस्व खोसियो ।
गाउँका जालि फटाहाहरूले उसको शरीरलाई सिङ्गै लुटे र
उसलाई यो वेश्या हो भनिदिए
 मेरी साथी आज उ बौलाही भएकी छे ।
(पारिजात, २०७३, *प्रेम कथा,* **पारिजातका सङ्कलित रचनाहरू,** पृ. १३९-१४०)

उपर्युक्त कवितांशमा एउटी नारीले आफूभन्दा माथिको जात र हैसियतको पुरुषसँग प्रेम गर्दा उसको प्रेमीलाई सामन्तवादी समाजले र सस्कारका नाममा टाउको खौरेर सहर घुमाइदियो, विछोड गराइदियो । लिङ्गीय रूपमा आवजविहीन नारी प्रेमको आवजसहित गाउँ डुल्दा सत्तासीन सामन्तीहरूले  न्याय प्रदान गर्नुको बदला शीक्रका आधारमा उसको सर्वस्व हरण गरी अस्तित्व लुटे, शरीर उपभोग गरे र बेश्याको उपमा दिएर सार्वजनिक गरे । यस्तो अवस्थामा ऊ पागल भएर बाँच्न बाध्य भई । उसको मनोबल घट्यो, ऊ मानसिक अभिघात भोग्न बाध्य भई । यसरी सामन्तवादी समाजको व्यवस्थाका कारण अन्यायमा परी । ऊ न्यायको खोजीमा हिड्दा विद्रूपीकरणमा परी । यस्तो अवस्थामा उसलाई पितृसंस्था र त्यसका भाष्यले सहज रूपमा खुलेर बाँच्न दिएनन् । यसरी उपभोग्य वस्तुको रूपमा वस्तुकरण भएकी नारी पात्र मानसिक अभिघातमा परी र उत्पीडनको सिकार भई, मानसिक सन्तुलन गुमाएर बाँच्न बाध्य भई । यस्ता उत्पीडित महिलाको पक्षमा नारीवादले वकालत

गर्दछ । यस्ता परम्परित सामाजिक सांस्कृतिक कुसंस्कार र अन्धविश्वासका कारण नारीहरू पशुभन्दा पनि अपमानित भएर बाँच्न बाध्य भएको विषय कवितांशमा यसरी आएको छ :

जसरी आज तिमी
दाइजोको लावा लस्करसँग घुम्टो भित्र लुकाई
पशुलाई जस्तै रुवाउँदै भित्र्याउने गर्छौ
त्यसैले तिमी यति विमुख नहोउ
यति निहृदयी नबन
यति बैगुनी नहोउ
तिमी मेरो उत्पीडन बुझ्दैनौ
म तिम्रो उत्पीडन बुझ्छु ।
(पारिजात, २०७३, *मानुषी*, **पारिजातका सङ्कलित रचनाहरू**, पृ. १२८)

प्रस्तुत कवितांशमा सामन्तवादी समाज व्यवस्थामा किनारीकृत हुन पुगेकी नारीको उत्पीडन प्रस्तुत भएको छ । पितृसत्तात्मक समाजको मूल प्रकृति महिलाका अधिकारमाथि नियन्त्रण गरी प्रभुत्व कायम गर्ने र उनीहरूलाई अधिनस्थ गरी आफू मालिक बन्ने हो । यस कवितांशमा पुरुषले नारीलाई मानवीय अस्तित्व प्रदान गर्न नसकी वस्तुसरह दाइजोको लावालस्करसाथ भित्र्याउने प्रवृतिप्रति प्रतिरोधी चेतना र चिन्तन व्यक्त भएको छ । दाइजोको लस्करसँग पशुकै दर्जामा राखेर भित्र्याउने प्रवृतिप्रति कवितांशमा व्यङ्ग्यात्मक भाव अभिव्यक्त भएको छ । नारीपुरुषको सहअस्तित्व र सहकार्यबिना समाज गतिशील हुन नसक्ने भावलाई व्यक्त गरिएको यस अभिव्यक्तिमा उत्पीडक पुरुषलाई उत्पीडन एक आपसम बाँडेर बाँच्नुपर्छ भनी पीडित नारीका तर्फबाट सहअस्तित्वको लागि अनुरोध गरिएको छ । यहाँ उत्पीडक पुरुषलाई यति विमुख र निर्दयी नहुन अनुरोध गरिएको छ । नारीको सहनशीलता,धैर्यता र क्षमाशीलतालाई कमजोरीका रूपमा नलिन अनुरोध गरिएको छ । सामन्तवादी समाज व्यवस्थामा महिलाले आफ्नो स्वतन्त्र निर्णय गर्न पाउने अधिकार पनि पुरुषद्वारा नियंत्रित हुने विषय कवितामा यसरी आएको छ :

ज्यू,
काम गरेको मात्र थाहा छ ,
दुःख पाएको मात्र थाहा छ ।

फाटेको चोलो र जडाउरी गुनिउँ
लगाएको मात्र थाहा छ
जोवन सोध्नुभएको कसले ?
त्यो त हजुर आएको गएकै थाहा छैन ,
खै जान्ने सुन्नेले भनेको
मेरो जीवन त जिम्मुवालको ऊ त्यो
गहुँ बारीमा सप्रिसक्यो रे ।
(पारिजात, २०७३, *एउटी स्वास्नी मान्छेको अन्तर्वार्ता*, **पारिजातका सङ्कलित रचनाहरू**, पृ. १४६)

प्रस्तुत कविताांशमा किनारामा रहने श्रमिक महिलालाई श्रम गरेको मात्र थाहा हुने, दुःख गरेको थाहाहुने, फाटेका अरुका जडाउरी लगाएको मात्र थाहा हुने तर जवानी आएको गएको थाहै नहुने यथार्थ प्रस्तुत भएको छ । सामाजिक तथा सांस्कृतिक मूल्यमान्यताका कारण किनारामा रहेको यो शक्ति सधैं शासकको डर,धम्की र त्रासमा उत्पीडित भएर बाँच्नु परेको छ । निरङ्कुश शासकले उसको जवानी उसले पत्तै नपाउने गरी लुटिदिएको छ, रित्याइदिएको छ र अस्तित्वहीन अवस्थामा बाँच्न बाध्य बनाएको विषय प्रतीकात्मक रूपमा प्रस्तुत भएको छ । सामन्तवादी समाजव्यवस्थामा यस्ता भुँइ मान्छेका जीवन र जवानी मुखियाजिम्मालले थाहै नदिई रित्याइदिने प्रसङ्गले नारी उत्पीडनलाई पुष्टि गरेको छ। नारी स्वतन्त्रता, यौनिकता र शरीर राजनीतिसँग सम्बन्धित विषय अन्तर्वस्तुका रूपमा रहेको यस कविताांशमा नारीका उत्पीडन व्यक्त भएका छन् ।

म बेरिइसकेकी छु कात्रोमा
चिहानजस्तै भैसकेको छ मेरो ओछ्यान
कोही बिलिन हुन खोज्छ ममा
कोही जान खोज्छ मबाट
तर यसैलाई मैले आफ्नो सेस मान्न सकिन ।
म त मर्दै बाँच्दै गर्छु रात विरात आफ्नो लास अघि सारेर
म चिता खाएर रोइरहेकी हुन्छु ,
म आफ्नै लासको मलामी

नमर्दै बनिसकेकी ख्याक

आधा मसान त मैले चहारिसकें ।

(पारिजात, २०७३, मृत्युका अंगालामा, **पारिजातका सङ्कलित रचनाहरू**, पृ.५९ )

प्रस्तुत कवितांशमा कष्टकर जीवन व्यतीत गरेकी नारीको मानसिक उत्पीडन अझ पीडादायी हुने विषय अन्तर्वस्तुका रूपमा आएको छ । कवितामा सधै शक्तिशाली ,साहसी र बलवान् भएर सत्तामा रहने पितृसत्तात्मक शासन व्यवस्थामा जिउँदै मरेतुल्य भएर बाँच्दाको पीडा व्यक्त भएको छ । कवितांशमा पुरुषले पारिवारिक निर्णयमा महिलाको भूमिकालाई स्वीकार गर्न नसक्दा नारी उत्पीडमा परेको यथार्थ अभिव्यक्त भएको छ । कवितांशले व्यक्तिका इच्छा विपरीत गरिने जवर्जस्तीकरण, डर, त्रास र धम्कीमा नारीहरू सामाजिक,सांस्कृतिक तथा यौनिक उत्पीडनमा परेको र यस्ता उत्पीडन भोग्ने नारीहरू मानसिक पीडालाई सहन नसकी पटक पटक मर्दै अस्तत्वविहीन अवस्थामा बाँच्दा अभिघातको सिकार भएको भावानुभूति वस्तुतत्वमा अभिव्यञ्जित भएर आएको छ । सामन्तवादी समाजमा उत्पीडित नारी जीवितै आफ्नो मलामी बनेको,अँध्यारा कुनामा बस्ने भूतको प्रतिरूप बनेको विषयले  नारी उत्पीडनलाई बोध गराएको छ ।

अन्धकार र दुर्गन्धमा पल्किरहेको भुस्याहा कुकुर

तिमीभन्दा म कति पनि टाढा छैन

दिनभर घाममा आङ तन्काएर

म तम्सिएरै बसेकी छु

आफ्नो लाछी लोग्नेको लात खान

नसोध यो प्रहार

यस प्रहारको त मलाई भोक लाग्छ

(पारिजात, २०७३, *नसोध मलाई,* **पारिजातका सङ्कलित रचनाहरू** पृ. ६७)

प्रस्तुत कवितांशमा  दुर्गन्ध र अन्धकारमा पल्केका घुस्याहा कुकुरलाई उत्पीडकको प्रतीकका रूपमा चिनाउँदै नारीको उत्पीडित अवस्थालाई उजागर गरिएको छ । सधै उत्पीडनमा अभ्यन्तरित भएर बाँचेकी नारीले उत्पीडनमा अभ्यस्त जीवनले हरेक क्षण उत्पीडनको भोक लाग्ने विषयलाई अगाडि सार्दै व्यङ्ग्यात्मक भाव अभिव्यक्त गरेकी छ । यसरी सामन्तवादी पितृसत्तात्मक समाजमा उत्पीडनमा अभ्यन्तरित हरेक नारीले उत्पीडक

पुरुषका उत्पीडनलाई सहज रूपमा आत्मसातीकरण गरेर बाँचेको भाव अभिव्यञ्जित भएको छ :

लाज शरम एउटै हो हजुर आइमाई जात सबैको
रुभ्नु, भिभ्नु, चिसिइनु, खट्नु
सुक्खा खोकी लाग्छ ज्वरो आउँछ रातभरि
मर्ने काल आउँदैन बाँच्ने मन छैन मालिक

( पारिजात, २०७३, *जुठी दमिनीको अभिव्यक्ति,* **पारिजातका सङ्कलित रचनाहरू**, पृ .१५९)

यस कवितांशमा सबै नारीका उत्पीडन समान प्रवृतिका हुने विषयमा विमर्श भएको छ । सबै किसिमका उत्पीडन भोगेका नारीहरू शारीरिक उत्पीडनका साथै मानसिक उत्पीडनमा पर्ने हुनाले जबर्जस्ती मालिकको प्रभुत्वलाई स्वीकार गरी जिउँदा जिउनेको अर्थ नरहेको भाव अन्तर्वस्तुका रूपमा आएको छ ।

यो तेरो देवता हो भनी
बूढी बज्यैले भन्दा
घुम्टो भित्र म रोएकी
खै कसरी देखाउँ
गालामा आँसुको डोब बस्दैन हजुर
पहरामा खहरेको डोब बसेजस्तै
ज्यू
माइत त सात खोला सात डाँडा उता छ
मैले बालक कालमा देखेको सपनाजस्तै
मेरो मुटुभित्र भएर पनि कति कति टाढा
जै जन्म सोध्नुभएको ?
ज्यू यिनै दुइटा छोरा
च्यासे र पुन्टे डेढ वर्षको फरक छ
ढाँटेको भए यो आगो हातैमा छ हजुर
यो च्याँसे

मुखियाको घर बनाउने ढुङ्गा बोक्दाबोक्दै पाएकी
नाम्लो त थाप्लोमा थियो गाँठे,
फरियामा पोको पारेर ल्याएँ
छाप्रोमा सालनाल काँटे
फेरि मुखियाको धान गोड्दागोड्दै हिलोमा जन्मियो यो पुन्टे ।
हिलोमा जन्मनेहरूलाई कहाँ लेखेको हुँदोरहेछ र सिमलको भुवा
ज्यू हुर्काउँदै छु हजुर हुर्काउँदै छु
नाङ्गैभुतुङ्गै ।

(पारिजात, २०७३, *एउटी स्वास्नी मान्छेको अन्तर्वार्ता,* **पारिजातका सङ्कलित रचनाहरू**, पृ. १४७)

प्रस्तुत कवितांशमा परम्परित पितृसत्तात्मक सामन्तवादी समाज व्यवस्थामा नारीद्वारा नारी उत्पीडनका भाष्य तयार हुने हुनाले नारी जीवन अत्यन्त कष्टकर हुने अनुभूति प्रस्तुत भएको छ । पतिलाई देवताका रूपमा मान्नु पर्ने र पत्नी दासीसरह रहनुपर्ने भावानुभूतिले पतिपत्नीको सम्बन्ध उत्पीडकउत्पीडित रहने यथार्थ पुष्टि भएको छ। यसका साथै कवितांशमा परम्परित पितृसत्तात्मक समाज व्यवस्थामा बालविवाह हुने र माइतीबाट टाढा रहेका आत्मनिर्भर हुन नसकेका आर्थिक अभावसहित उत्पीडनमा परेका नारीका कथा र व्यथा उधिनिएका छन् । नारीले अत्यन्त पीडा बोधका साथ जीविकोपार्जन गर्ने सन्दर्भमा सन्तान हुर्काउँदाको उत्पीडन कवितांशमा पोखिएको छ । आफ्नो शरीर र सन्तानको भन्दा सामन्तवादी साहूको कामलाई महत्त्व दिनुपर्ने शासन व्यवस्थाका कारण पहिलो बच्चा थाप्लोमा ढुङ्गा बोकेको नाम्लोसहित जन्मेको र आफ्नै धोतीमा पोको पारेर छाप्रोमा ल्याई सालनाल गरेको विषयको विमर्श भएको र दोश्रो बच्चा मुखियाको खेतमा धान गोड्दागोड्दै हिलैमा जन्मिएको कारुणिक दृश्यले निम्नवर्गीय महिलाको उत्पीडन अभिव्यञ्जित भएको छ ।

## ४.४ निष्कर्ष

नारी उत्पीडनका दृष्टिले पारिजातका कवितामा सामाजिक, सांस्कृतिक, जैविकीय र यौनिक उत्पीडन भएका नारी जीवनको अभ्यन्तरित पक्षको उद्घाटन भएको छ । पारिजातका कवितामा नेपाली समाजमा विद्यमान वर्गीय विषमताको कालो छायाका कारण

निम्नवर्गीय आर्थिक अवस्था भएका नारीको जीवनशैली सामन्तका सामू नतमस्तक भई आफ्नो शरीर नै सुम्पनु पर्ने एवम् बलात्कृत भई जीवन निर्वाह गर्न बाध्य नारीको भूमिका र पहिचानविहीनताको चित्रण भएको छ । सांस्कृतिक रूपमा परेका नेपाली नारी जातीय र एकात्मक पितृसत्तात्मक विचारधाराका कारण पुरुषमै अन्तर्निर्भर उनीहरूकै पहिचानका आधारमा बाँच्न बाध्य रहेको विषयलाई प्रस्तुत गर्ने पारिजातका कवितामा नारीमैत्री वातावरणसम्म बन्न नसकेको सामाजिक सन्दर्भको चित्रण भएको छ । पितृसत्ता र सामन्तवादी संस्कृतिका कारण पहिचानविहीन बनेका नारीमाथि पुरुषको एकात्मक नियन्त्रणका कारण नारीशरीरको वस्तुकारण भएको नेपाली समाजको चित्रण पाइने पारिजातका कवितामा यौनिक र जैविकीय रूपमै नारी पुरुषको नियन्त्रणमा रहेको विभेदकारी उत्पीडनको चित्रण भएको छ ।

पाँचौं परिच्छेद

# निष्कर्ष र सन्दर्भ सामग्रीसूची

## ५.१ विषयप्रवेश

प्रस्तुत शोधकार्य पारिजातका कवितामा नारीवादको विश्लेषण सोद्देश्य चयन भएका कृतिमा पितृसत्ता, लैङ्गिक शक्तिसम्बन्ध र नारीउत्पीडनको विश्लेषणका आधारमा सम्पन्न गरिएको छ । यस शोधकार्यका क्रममा अध्ययनबाट मूलभूत रूपमा पारिजातका कवितामा अभिव्यक्त भएका पितृसत्ता, लैङ्गिक शक्तिसम्बन्ध र नारी उत्पीडनसम्बन्धी विषयको अध्ययनका क्रममा विभिन्न शीर्षकमा केन्द्रित परिच्छेद र तिनलाई सूक्ष्म उपशीर्षकमा विभाजन गरी अध्ययन गरिएको छ । पारिजातका कविताको अध्ययन गर्ने एउटा आधारका रूपमा नारीवादको सैद्धान्तिक आधार र अवधारणाबाट प्राप्त निष्कर्षलाई तलका उपशीर्षकमा प्रस्तुत गरिएको छ ।

## ५.२ सारांश

प्रस्तुत शोधकार्यको पहिलो परिच्छेद शोधकार्यको परिचयसँग सम्बन्धित रहेको छ । यस परिच्छेदमा विभिन्न आठ उपशीर्षक र तिनका अन्य उपउपशीर्षकमा शोधकार्यको परिचय दिइएको छ । यसअन्तर्गत विषयपरिचय, समस्याकथन, उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य, शोधकार्यको सीमाङ्कन, शोधविधि र शोधपत्रको रूपरेखाजस्ता उपशीर्षकमा विषयको प्रस्तुति र विश्लेषण भएको छ । विषयपरिचयमा पारिजातका कवितामा नारीवादसँग सम्बन्धित चरको परिचयात्मक अभिलक्षण प्रस्तुत गरिएको छ भने समस्याकथनमा पारिजातका कवितामा नारीवादको विश्लेषण गर्नका लागि तीन भिन्न शोध्यप्रश्नको निर्माण तथा तिनको आधार प्रस्तुत गरिएको छ । उद्देश्य उपशीर्षकमा यस अध्ययनबाट प्राप्त हुने नवप्रवर्तनात्मक उद्देश्यको खोलुवा भएको छ भने पूर्वकार्यको समीक्षाअन्तर्गत सैद्धान्तिक पूर्वकार्यको समीक्षामा यस शोधकार्यमा प्रयोग हुने सिद्धान्त र अवधारणासम्बन्धी विषय एवम् प्रायोगिक पूर्वकार्यको समीक्षा अन्तर्गत पारिजातका

कविताका विषयमा भएका अध्ययनको समीक्षा गरी रिक्तता स्थापित गर्ने कार्य गरिएको छ । यस खण्डको शोधकार्यको औचित्य उपशीर्षकमा पारिजातका कविताको नारीवादी अध्ययनको आवश्यकता र महत्त्वको खोलुवा भएको छ भने सीमाङ्कन उपशीर्षकमा विश्लेषण गर्नका लागि चयन गरिएका कविता कुन आधारमा चयन गरिए ? भन्ने पक्षको स्पष्टीकरण समावेश गरिएको छ । शोधविधि उपशीर्षकमा विश्लेषित कविता चयनको आधार, तिनलाई विश्लेषण गर्ने अवधारणा सिद्धान्त र कुन उपकरणका आधारमा कविताको विश्लेषण हुन्छ भन्ने पक्षको दिग्दर्शन भएको छ भने शोधपत्रको रूपरेखा उपशीर्षकमा शोधपत्रको खाका प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधकार्यको दोस्रो परिच्छेद पारिजातका कवितामा पितृसत्ता शीर्षकमा आधारित छ । यस परिच्छेदमा विषयपरिचय, पितृसत्ताको सैद्धान्तिक आधार, पारिजातका कवितामा पितृसत्ता र निष्कर्ष चार उपशीर्षक रहेका छन् । यी मध्ये विषयपरिचय उपशीर्षकमा पाीरजातका कविता र तिनमा अभिव्यक्त पितृसत्ताको प्रवृत्तिमूलक परिचयात्मक अभिलक्षणको प्रस्तुति छ भने पितृसत्ताको सैद्धान्तिक आधार उपशीर्षकमा नारीवादले अध्ययन गर्ने सत्तासम्बन्धको मुख्य आधारका रूपमा पितृसत्ताको सैद्धान्तिक आधार र कृति विश्लेषण गर्ने अवधारणासम्बन्धी पक्षको विश्लेषण भएको छ । यस खण्डको पारिजातका कवितामा पितृसत्ता उपशीर्षकमा विश्लेषणका लागि चयन भएका कवितामा अभिव्यक्त पितृसत्ताप्रधान अंशका आधारमा तिनको सिद्धान्तनिष्ठ व्याख्या भएको छ । यस शोधकार्यको तेस्रो परिच्छेदमा पारिजातका कवितामा लैङ्गिक शक्तिसम्बन्ध शीर्षकअन्तर्गत विषयपरिचय, लैङ्गिक शक्तिसम्बन्धको सैद्धान्तिक आधार, पारिजातका कवितामा लैङ्गिक शक्तिसम्बन्ध र निष्कर्ष उपशीर्षकमा कृतिभित्र कसरी लैङ्गिक शक्तिसम्बन्धको अभिव्यञ्जना भएको छ भन्ने पक्षको विश्लेषण भएको छ । यस शोधकार्यको चौथो परिच्छेद पारिजातका कवितामा नारीउत्पीडनअन्तर्गत विषयपरिचय, नारी उत्पीडनको सैद्धान्तिक आधार, पारिजातका कवितामा नारी उत्पीडन र निष्कर्ष उपशीर्षकमा विश्लेषणका लागि चयन भएका रचनामा किन उत्पीडनको अभिव्यञ्जना भएको छ भन्ने पक्षका आधारमा कृतिगत मूल्याङ्कन गरिएको छ । यस शोधकार्यको पाँचौं परिच्छेदमा विषयपरिचय उपशीर्षकमा यसको परिचय, सारांश उपशीर्षकमा पहिलो परिच्छेददेखि चौथो परिच्छेदसम्म गरिएका कार्य, निष्कर्ष उपशीर्षकमा अध्ययनबाट प्राप्त मूल निष्कर्ष, भावी अध्येताका लागि शोधशीर्षक एवम् शोधकार्यका क्रममा प्रयोग भएका सन्दर्भसामग्रीको विवरण प्रस्तुत गरिएको छ ।

## ५.३ निष्कर्ष

पारिजातका कवितामा नारीवाद मुख्य समस्या रहेको यस अनुसन्धानमा पितृसत्ता, लैङ्गिक शक्तिसम्बन्ध र नारी उत्पीडनका आधारमा पारिजातका कविताको विश्लेषण गरिएको छ । नारीवाद नारीपक्षीय अन्तरअनुशासनात्मक राजनीति हो । यसले पारिवारिक संरचनादेखि सबै प्रकारका सामाजिक संरचनामा पितृसत्ताका कारण सामाजिक सांस्कृतिक निर्मितिले उत्पन्न गर्ने लैङ्गिक भेद, पुरुषको प्रभुत्व, पहिचान, शरीर राजनीति असन्तुलित शक्तिसम्बन्धका कारण उत्पन्न लैङ्गिक भेद, जैविक, सामाजिक, सांस्कृतिक, यौनिक उत्पीडनजस्ता लिङ्गका आधारमा हुने सबै किसिमका भेदको विरोध गर्दै लैङिक समता र समानताको वकालत गर्दछ । यस अनुसन्धानमा साहित्यमा नारीवादको अध्ययन तथा विश्लेषण गर्ने आधारमध्ये पितृसत्ता, लैङ्गिक सत्तासम्बन्ध तथा नारी उत्पीडनलाई विश्लेषणका आधार बनाई पारिजातका कविताको विश्लेषण गरिएको छ ।

पारिजातका कवितामा पितृसत्ता कविताको अन्तर्वस्तु, भाव र भाषाका माध्यमबाट अभिव्यक्त भएको छ । उनका कवितामा समाज, संस्कार, धर्म, व्यवस्था ,राजनीति, सञ्चारजस्ता संस्थाका माध्यमबाट पुरुष प्रभुत्वशाली बनेको छ, ऊ शक्तिशाली, स्वतन्त्र र निर्णायक तहमा रहेको छ । त्यसैगरी उनका कवितामा नारी पात्र शोषण, दमन र उत्पीडनमा परेका छन्, शक्तिहीन भएर रहेका छन् । कवितामा परिवार, समाजलगायत निर्णायक तहमा पुरुषको वर्चस्व रहेको छ । लैङ्गिक भेदका कारण नारी पात्र पराजित र पराधीन भएका छन् । उनका कवितामा पितृसत्ताका कारण नारी पुरुषबाट मात्र नभएर नारीबाट पनि उत्पीडित भएर रहेका छन् । कवितामा पति रूप सबैभन्दा हिंस्रक देखिएको छ । पितृसत्ताले निर्माण गरेका समाज, सस्कार,व्यवस्थाले नारीहरू निरीह, अस्तित्वहीन, पराश्रित  र उत्पीडित बनेर रहेका छन् । उनीहरूका शरीर उपभोग्य वस्तु बनेका छन्, शरीरमाथि राजनीति भएको छ । नारी पात्रका अनुभव, चेतना, चिन्तन नियन्त्रणमा छन् । सामन्तवादी पितृसत्तात्मक समाज व्यवस्थाले ती पात्रलाई उत्पीडको शिकार बनाई अभिघातको अवस्थामा पुऱ्याएको अन्तर्वस्तु बलात्कृतको बयान, एउटी स्वास्नीमान्छेको अन्तर्वार्ता, मानुषी, जुठी दमिनीको अभिव्यक्तिजस्ता कवितामा अभिव्यञ्जित भएको छ ।

पारिजातका कवितामा असमान शक्तिसम्बन्धका कारण नारी पात्रहरू किनारामा पुऱ्याइएका छन् । पितृसत्तामा परिवारलगायतका संस्थामा पुरुषलाई बढी शक्ति र अधिकार

प्रदान भएको हुन्छ । निर्णायक तहमा पनि पुरुषको भूमिका रहनु पनि असमान शक्तिसम्बन्धको परिणाम हो । उनका कवितामा असमान शक्तिसम्बन्ध नै नारी उत्पीडन र दमनको कारक बनेर आएको छ । उनका कवितामा शक्तिसम्बन्ध पात्रका भूमिका, प्रयुक्त भाषा, तिनका क्रियाकलाप, व्यवहार, दृष्टिकोण आदिका माध्यमबाट व्यक्त भएको छ । कवितामा सत्तासीन पुरुषलाई शक्तिशाली, स्वतन्त्र, निर्णायक व्यक्तिका रूपमा पहिचान दिलाई नारीलाई दोस्रो दर्जाको नागरिकका रूपमा चिनाइएको छ । आमा, प्रेम कथा, बलात्कृतको बयान,जुठी रुदमिनीको अभिव्यक्ति, मानुषीजस्ता कवितामा असमान शक्ति सन्तुलनका कारण नारी उपभोग्य वस्तु बन्नु परेको छ । पारिजातका कवितामा चित्रण भएका नारी वैयक्तिक स्वतन्त्रता लगायतका अधिकारबाट वञ्चित र पितृसत्ताबाट नियंन्त्रित हुनपुगेका छन् । कतिपय कवितामा नारी पात्र हत्या, हिंसा, बलत्कारको सिकार हुन पुगेका छन् । घरपरिवारमा कहिले सेवक त कहिले दास बनेर रहनुपर्ने, जुनसुकै अवस्थामा असुरक्षित बनेर रहनुपर्ने, हत्या, हिंसा बलात्कारको शिकार हुनुपर्ने, सन्तानको पूर्ण जिम्मेवारी लिनुपर्ने, भाग्यवादी भएर निराशावादी हुनुपर्ने जस्ता विषय आएका छन् । विश्लेषित कवितामा पुरुष पात्रले नारीका उत्पादन, गतिशीलता, सामाजिक, सास्कृतिकलगायत धेरै क्षेत्रमा नियन्त्रण गरेको छ ।

पारिजातका कवितामा नारी उत्पीडन पात्र र तिनका स्वभाव, क्रियाकलाप, प्रयुक्त भाषा आदिका माध्यमबाट अभिव्यञ्जित भएको छ । कवितामा नारी नारीपुरुष दुबैबाट उत्पीडन भोग्न बाध्य छन् । उनका कवितामा नारी पात्रहरू सामाजिक, सांस्कृतिक, यौनिक, जैविक उत्पीडनमा परेका छन् । कतिपय कवितामा नारीले नारी हुनुको कारण जैविक उत्पीडन भोग्न बाध्य भएका छन् । पितृसत्तात्मक सामन्तवादी समाजव्यवस्था र त्यसले निर्माण गरेका भाष्य, व्यवस्था आदिका कारण नारी पात्र सती जान बाध्य हुनुपर्ने, दास हुनुपर्ने, जस्तोसुकै उत्पीडन पनि सहनु पर्ने र त्यसैमा अभ्यन्तरित समाज तथा सस्कारका कारण नारी नारीबाट उत्पीडित हुने सन्दर्भ कवितामा आएका छन् । मानुषी, प्रेमकथा, एउटी स्वास्नीमान्छेको अन्तर्वार्ता, प्रेम कथा, मृत्युका अंगालामा, नसोध मलाई, बलात्कृतको बयानजस्ता कवितामा नारी उत्पीडन सशक्त बनेर रहेको छ । पारिजातका कवितामा परम्परित सामन्तवादी पितृसत्तात्मक समाज व्यवस्थाका कारण पुरुष केन्द्रमा र नारी किनारामा रहेको भावाभिव्यक्त भएको छ । उनका कवितामा असन्तुलित शक्तिसम्बन्धका कारण पुरुष शक्तिकेन्द्रमा रहेको र नारी सत्ता र शक्तिबाट टाढा रही दोश्रो दर्जाको

नागरिकका रूपमा रहेको र निर्णायक तहमा पुग्न नसकेको यथार्थ अभिव्यञ्जित भएको छ । त्यसै गरी उनका कवितामा पितृसत्तात्मक समाजव्यवस्था र असन्तुलित शक्तिसम्बन्धका कारण नारी उत्पीडित भएको अन्तर्वस्तु प्रस्तुत भएको छ । कवितामा यिनै पितृसत्ता, असन्तुलित शक्तिसम्बन्ध र नारी उत्पीडनका कारण नारी शक्ति पछाडि परेको कवितामा भाव, अन्तर्वस्तु, भाषा, वस्तु, उद्देश्यका माध्यमबाट अभिव्यञ्जित भएको छ । मूलतः पारिजातका कवितामा पितृसत्ता, असन्तुलित शक्तिसम्बन्ध र नारी उत्पीडनका विरुद्ध भावाभिव्यक्त भएको छ । त्यसैले यी कवितामा नारीपक्षीय भावसौन्दर्य मूल्यसापेक्ष बनेर आएको निष्कर्ष प्राप्त हुन्छ ।

## ५.४ सन्दर्भ सामग्रीसूची

प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि उपयोग गरिएका देवनागरी र रोमन लिपिमा सन्दर्भसामग्रीलाई अलगअलग रूपमा तलका उपशीर्षकमा राखिएको छ ।

### ५.४.१ देवनागरी लिपिका सन्दर्भसामग्री


अधिकारी, ज्ञानु (२०७०), 'समकालीन नेपाली नारी कथामा नारीवादी प्रवृत्ति' *नेपाली नारीवादी समालोचना,* सुधा त्रिपाठी र सीता पन्थी (सम्पा.), काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

एन्गेल्स, फ्रेडरिक (२०५६). परिवार, निजी स्वामित्व र राज्यको उत्पत्ति. (अनु. राजेन्द्र मास्के (दोस्रो संस्क.) काडमाडौं : प्रगति प्रकाशन ।

गड्तौला, नारायणप्रसाद (सन् २०१९), *नेपाली कवितामा नारी चेतना,* त्रिभुवन विश्वविद्यालय जर्नल, भोलुम २३, नं.२, पृ. १७१ १८६ ।

गिरी, अमर (२०७५),'शब्दचित्रमा पारिजात', *पारिजात विशेषाङ्क,* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स, पृ.१० १४ ।

त्रिपाठी, सुधा (सन् २०१२), *नारीवादी सौन्दर्य चिन्तन,* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

त्रिपाठी, सुधा (२०७०), 'नारीवादी चेतनाको संवाहकका रूपमा मानुषी कविता' *नेपाली नारीवादी समालोचना,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पन्त, साधना ‘प्रतीक्षा’ (२०७८), *समकालीन नारी आख्यानमा पहिचान र विद्रोह,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पाण्डे, ज्ञानु.(२०६९). *नेपाली उपन्यासमा लैङ्गिकता* .नेपाल प्रज्ञा प्रतिष्ठान ।

भट्ट, आनन्ददेव (२०७५), ‘बैँसालु वर्तमान पारिजातको काव्यात्मक जवाफ’, *पारिजात विशेषाङ्क,* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स, पृ.२६-३० ।

रेग्मी, रेखा (२०८०), *नेपाली नारी कविताका कवितामा नारीवाद,* के. एम्. सी. जर्नल, भोलुम ५, अङ्क २, पृ.४०७ -४२८

सुवेदी, पुरुषोत्तम (२०७५), ‘बैँसालु वर्तमान पारिजातको काव्यात्मक जवाफ’, *पारिजात विशेषाङ्क,* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स, पृ.१६४-१७१ ।

### ५.४.२ रोमन लिपिका सन्दर्भसामग्री

Butler, Judith (1990). *Gender Trouble: Feminism and the Subversion of Identity*. New York: Routledge.

Carter, A. (2000). Gender. *Cultural & critical theory*. (Edt. Michal Payne). Masachuts : Blackwell publishers Ltd. Pp. 217-218

Foucault, M. (1990). *The history of sexuality vol. 1 an introduction*. (Trans.) R. Hearty New York : Ventague.

Larbar, J. (2005). *Gender inequality*. Los Anglos : Raxbery publication house.

Merry, L. (2007). "Sexuality". *The women's movement today : Am encyclopedia of third wave feminism* vol. 1 (Ed. Lesli L Heywood), Delhi, Bangalore, Mumbai, Hyderabad & Guhati : Rawat Publication.

Pilcher, J. and Whelehan, I. (2004). *Fifty Key Concepts in Gender Studies*. London: Sage.

Tong, R. (1989). *Feminist thought*. San Francisco : Westview Press.